का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ असार २०८२,
बिहीबार
26 June, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नं

वर्ष २३, अंक १४४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# पूर्वप्रधानमन्त्रीसँग ४ घण्टा बयान



पूर्वप्रधानमन्त्रीलाई भ्रष्टाचार मुद्दा लागेर अदालतमा ४ घण्टासम्म बयान लिइएको यो पहिलो पटक हो

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ असार ।

पतञ्जली जग्गा हिनामिना प्रकरणमा आरोपित नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल ३५ लाख रुपैयाँ धरौटीमा रिहा भएका छन् ।

पताञ्जली जग्गा हिनामिना प्रकरणमा विशेष अदालतका न्यायाधीशहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले नेपाललाई ३५ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली जग्गा हिनामिना प्रकरणमा अध्यक्ष नेपालसहित ९३ जनाविरुद्ध २२ जेठमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनाविरुद्ध १८ करोड ५८ लाख ५० हजार बिगो माग गरिएको छ ।

सोही मुद्दाका लागि बयान दिन अध्यक्ष नेपाल बुधबार अदालतमा उपस्थित भएका थिए ।

अख्तियारको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता सुशील पन्तले नेपाललाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने राय राखेका थिए । नेपालका तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता शम्भु थापा, गोविन्द बन्दी, खम्बहादुर खातीलगायतले बोलाएको बेला आफैं उपस्थित हुनेगरी रिहा गर्नुपर्ने राय पेस गरेका थिए ।

११ माघ २०६६ मा नेपाल नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्ले पतञ्जलीलाई आयुर्वेदिक विश्वविद्यालयको नाममा सञ्चालन गर्न काभ्रेमा हदबन्दी छुटमा ८ सय १५ रोपनी जग्गा किन्न स्वीकृति दिएको थियो । तर, पछि हदबन्दीभन्दा बढी कानुनविपरीत जग्गा बिक्री गरेको भन्दै उजुरी परेपछि अख्तियारले यसबारे अनुसन्धान अघि बढाएको थियो । अख्तियारले भ्रष्टाचार मुद्दा »» पृष्ठ २ मा

## बालश्रम अन्त्य गरौं

**बालश्रमका कारण**

- शिक्षाबाट बञ्चित हुने,
- मानसिक र शारीरिक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बालअधिकारको उल्लंघन हुन्छ,

**त्यसैले:**

- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कानूनी कारबाही गर्न सहयोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# महाधिवेशनमा जुट्यो एमाले

## बहसमा ७० वर्षे उमेर हद र नेतृत्वमा दुई कार्यकाल

नेतृत्वमा ७० वर्षे उमेर हद र दुई कार्यकालको मुद्दा बहसमा आएको छ । यी दुवै प्रावधान केपी शर्मा ओलीको हकमा लागू हुने भएकाले पनि बहस चर्किंदो छ ।



“उमेर हद राख्नुपर्छ भन्नेहरू भयंकर क्रान्तिकारी र नराख्नुपर्छ भन्नेहरू अक्रान्तिकारी होइनन् ।

**प्रदीप ज्ञवाली**
**उपमहासचिव**
**नेकपा एमाले**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असार ।

नेकपा एमाले ११ औं महाधिवेशनको तयारीमा जुटेको छ । यस निम्ति बुधबार बसेको एमाले सचिवालय बैठकले शीर्ष तीन नेतालाई जिम्मेवारी नै तोकेको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई राजनीतिक प्रतिवेदन तयार गर्ने, उपाध्यक्ष विष्णु पौडेललाई विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव शंकर पोखरेलाई संगठनात्मक प्रस्ताव तयार पार्ने जिम्मेवारी दिइएको छ ।

विधान महाधिवेशनले विधान टुंगो लगाउँछ र त्यसपछि नेतृत्व चयन हुनेछ । एमालेको विधान महाधिवेशन आगामी भदौमा हुँदैछ । उक्त विधान महाधिवेशनमा पार्टी अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन तयार पेस गर्नेछन् । उपाध्यक्ष पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव र महासचिव पोखरेले संगठनात्मक प्रस्ताव प्रस्तुत गर्नेछन् । एमालेले विधान महाधिवेशन पछि नेतृत्व चयनको गृहकार्य अगाडि बढाउने गरेको छ । एमाले महाधिवेशनको तयारीमा जुट्दै गर्दा नेतृत्वको ७० वर्षे उमेरहद र दुई कार्यकालको मुद्दा बहसमा आएको छ । यी दुवै प्रावधान केपी शर्मा ओलीको हकमा लागू हुने भएकाले पनि बहस चर्किंदो छ । केपी शर्मा ओली दुई कार्यकाल अध्यक्ष »» पृष्ठ २ मा

# जागिरको लोभमा भारतमा फस्दै नेपाली

## एक सातामा ५७ जनाको उद्धार

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ११ असार ।



आकर्षक रोजगारीको लोभमा परेर भारतमा बन्धक बनाइएका र ठगिएका ५७ नेपालीको उद्धार गरी नेपाल ल्याइएको छ ।

यसअघि बिहीबार बन्धक बनाइएका ३५ जना नेपालीहरूको उत्तराखण्डबाट उद्धार गरिएको थियो । उनीहरूलाई उत्तराखण्ड राज्यको काशीपुर भन्ने स्थानबाट उद्धार गरिएको थियो ।

भारतको उत्तराखण्डको विभिन्न ठाउँमा बन्धक बनाइएका उनीहरूलाई उद्धार गरेर बुधबार पश्चिमी नाका गड्डाचौकीबाट स्वदेश ल्याइएको हो । उद्धार गरिएकाहरू १६ देखि ४१ वर्षसम्मका छन् । त्यस्ता गिरोहहरूले धेरै लेखपढ नभएका व्यक्तिहरूलाई लक्षित गरेका छन् । उनीहरू निरक्षर तथा सात/आठ कक्षासम्म मात्र पढाइ गरेका छन् ।

नयाँदिल्लीस्थित नेपाली दूतावास, उत्तराखण्ड प्रहरी र सामाजिक संस्था ‘किन इन्डिया’को समन्वयमा »» पृष्ठ २ मा

### ‘चेन व्यवसाय’को शैलीमा रकम असुली

आकर्षक रोजगारीको प्रलोभनमा पर्दा नेपालीहरू बन्धकमा पर्ने गरेका छन् । भारतमा संगठित गिरोहहरू आकर्षक रोजगारीमा फसाएर नेपालीहरूलाई बन्धक बनाएरअ मानवीय दुर्व्यवहार गरिएको पाइएको छ ।

ती गिरोहले नेपालीलाई बन्धक बनाएर रकम असुल्ने नयाँ प्रवृत्ति देखा परेको छ ।

प्रहरीसहितका भारतीय निकायहरूको सहयोगमा नेपालीहरू बन्धकमा परेको थप पत्ता लागेको नयाँदिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

उद्धार गरिएका एक पीडितका अनुसा उत्तराखण्डकै रुद्रपुरमा थप नेपालीहरू बन्धक अवस्थामा छन् । उद्धार अभियानमा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सर्वोच्चको आदेशपछि रोकियो ‘जान’को परीक्षा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार ।

रोजगारीका लागि जापान जान भाषा र प्रशिक्षणसहित जापान अध्यागमनबाट योग्य ठहरिएका नेपाली श्रमिकहरूमाथि अन्याय भएको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाहहरूले आपत्ति जनाएका छन् ।

जापानी अध्यागमनले दिने अनुमति ‘सिओई’ प्राप्त गरिसकेका नेपाली कामदारलाई भाषा परीक्षाको झन्झट थपेर जापान जानबाट रोकेको विषयमा सर्वोच्च अदालतमा परेको उत्प्रेषण रिटमा अन्तरकालीन आदेशका लागि असार १६ गते पेशी तोकिएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूको विभिन्न संगठनहरूले कामदारको अधिकारमा अनधिकृत संस्थाले अंकुश लगाएको र त्यसलाई वैदेशिक रोजगार विभागले स्वीकार गरेको भन्दै आपत्ति जनाएका छन् । उनीहरूले दुबै देशको नीति नियम विपरीत नेपाली श्रमिकलाई अनावश्यक झन्झट दिनुका साथै परीक्षाका नाममा सिओई प्राप्त कामदारलाई जापान जानबाट रोक्ने गतिविधि गलत भएको जनाएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक महासचिव कुन्छादोर्जे डिम्दोङले वैदेशिक रोजगार ऐन २०६४ बमोजिम सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी जापान सरकारको अध्यागमन कार्यालयबाट भिसा प्राप्त भइसक्दा समेत नेपाली संस्था जाइका अलुम्नाई एसोसिएसन नेपाल ‘जान’मार्फत परीक्षाको बहाना गरी रोक्न खोजिएकोमा आपत्ति जनाएका छन् । कार्यवाहक महासचिव डिम्दोङले ‘जान’ले लिने परीक्षामा सहभागी गराइ असफल बनाइएका र »» पृष्ठ २ मा

## सुरक्षित र मर्यादित आप्रवासनका लागि साझा प्रतिबद्धताको आह्वान

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सुरक्षित र मर्यादित आप्रवासनका लागि साझा प्रतिबद्धता व्यक्त गर्न आह्वान गरेका छन् । सुरक्षित, मर्यादित र व्यवस्थित आप्रवासनका लागि आयोजित एशिया गल्फ कोअपरेसन कन्ट्री र एसिया (जीसीसी) संवादको उद्घाटन सत्रमा बोल्दै मन्त्री भण्डारीले सुरक्षित र नियमित आप्रवासनको कार्यान्वयनमा सबै साझेदार राष्ट्रहरूलाई सहयोग र सहकार्यका लागि आह्वान गरे ।

उनले अन्तर्राष्ट्रिय आप्रवासन संगठन तथा सहभागिता जनाउने सबै प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दै राजधानीमा आयोजित संवाद आप्रवासनसम्बन्धी साझा दृष्टिकोण, मानवीय गरिमा र मानव अधिकारका मूल्यलाई अघि बढाउने एक महत्वपूर्ण प्लेटफर्म भएको बताए । मन्त्री भण्डारीले नेपालजस्ता श्रम आपूर्ति र श्रम गन्तव्य गर्ने मुलुकहरूबीचको आपसी बुझाइ बलियो बनाउन यस्ता संवादहरू अपरिहार्य रहेको उल्लेख गरे ।

मन्त्री भण्डारीले ग्लोबल कम्प्याक्ट फर माइग्रेसन (जीसीएम)का २३ उद्देश्यहरूलाई कार्यान्वयन गर्दै सबै राष्ट्रहरूलाई न्यूनतम मानव अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए । नेपालबाट गएका लाखौं आप्रवासी श्रमिकहरूले जीसीसी राष्ट्रहरूको समृद्धिमा योगदान दिँदै आएको चर्चा गर्दै मन्त्री भण्डारीले आप्रवासी श्रमिकहरूलाई श्रमिक मात्र नभइ विकासका साझेदारका रूपमा »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Public Relation Officer (PRO) : 6 (Male/Female)
Documentation : 3 (Male/Female)

★ Requirements:
★ Minimum 2/3 Years of Experienced in Manpower fields.
★ Minimum +2 Passed.

SALARY Negotiable

CONTACT 9823185486
Please send your CV:rohit@cdhrnepal.com

MAURITIUS मा वैदेशिक रोजगारीको अवसर

कम्पनी: OPALITE CONSTRUCTION COMPANY LTD. शहर: MAURITIUS
पूर्व स्वीकृत मिति: २०८२/०३/१० चलानी नं.: ६०२४००९३ L.T. No.:326098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block Mason | 6 | 0 | सम्बन्धित काममा दक्ष | 21690 | ६५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 6 | 0 | | 21690 | ६५,७२० | | | | | | | |
| 3. | Cook | 1 | 0 | | 21690 | ६५,७२० | | | | | | | |
| 4. | Plasterer (Mason) | 4 | 0 | | 21690 | ६५,७२० | | | | | | | |
| 5. | Steel Fixer | 4 | 0 | | 21690 | ६५,७२० | | | | | | | |
| 6. | Tile Mason | 3 | 0 | | 21690 | ६५,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि WELDER र ALUMINIUM FABRICATOR को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले सर्म्पक गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १५,९०० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIDGE SKY
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# परिवर्तन गाउँपालिकाले ल्यायो ४८ करोड ४४ लाखको बजेट

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ११ असार

परिवर्तन गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ४८ करोड ४४ लाख ४८ हजार ३ सय २० रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको १९औं गाउँसभामा बजेट र नीति कार्यक्रम प्रस्तुत गरी बहुमतले पारित गरिएको हो ।

गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का अध्यक्ष हरिप्रसाद बुढा मगरका अनुसार संघीय सरकारबाट ४४ करोड ६२ लाख रुपैयाँभन्दा बढी रकम प्राप्त हुने अनुमान गरिएको छ । त्यसमा समानीकरण, शर्तसहितको चालु र पुँजीगत अनुदान, विशेष र समपुरक अनुदान तथा राजस्व बाँडफाँट समावेश छन् ।

यस्तै, लुम्बिनी प्रदेश सरकारबाट पनि ३ करोड ४६ लाख रुपैयाँभन्दा बढी बजेट प्राप्त हुने जनाइएको छ । गाउँपालिकाको आन्तरिक आम्दानीबाट ३६ लाख रुपैयाँ




संकलन हुने अनुमान गरिएको छ ।

कुल बजेटमध्ये २९ करोड २८ लाख रुपैयाँ (६०प्रतिशत) चालु खर्चतर्फ र १९ करोड १६ लाख रुपैयाँ (४०प्रतिशत) पुँजीगत खर्चतर्फ विनियोजन गरिएको छ ।

वडागत आधारमा न्यूनतम १६ लाखको अनिवार्य अनुदानसहित भूगोल, जनसंख्या र राजस्व अवस्थाका आधारमा योजना छनोट गरी १ करोड ५० लाख विनियोजन गरिएको छ । पूर्वाधार विकासतर्फ छुट्याइएको ६० लाख रुपैयाँ पनि सूत्रअनुसार वडामा बाँडिएको छ ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, रोजगारी, पूर्वाधार, विपद् व्यवस्थापन, सूचना प्रविधि, लैङ्गिक समानता, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा बजेट केन्द्रित गरेको छ ।

गाउँसभामा कार्यक्रम र बजेटमाथि केही सदस्यहरूले जिज्ञासा राखे पनि जवाफ प्राप्त भएपछि सबै सदस्यहरूले तालिम बजाएर कार्यक्रम पारित गरेका थिए ।

आर्थिक ऐन वडा नं. ५ का अध्यक्ष दिलबहादुर वली र विनियोजन ऐन वडा नं. ३ का अध्यक्ष खिम विक्रम चन्दले प्रस्तुत गरेका थिए । वडास्तरीय कार्यक्रमको शुल्क १५ सयबाट घटाएर १ हजार बनाउने प्रस्ताव पनि पारित गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष तथा गाउँसभाका सभाध्यक्ष सुक बहादुर बुढा मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष कलादेवी खत्रेनी, सचिव प्रेम जि.एम, लेखा अधिकृत ध्रुवराज न्यौपाने, विषयगत शाखा प्रमुख, वडाका सचिव, सुरक्षाकर्मी र पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# भगवानपुर गाउँपालिकामा कृषिलाई प्राथमिकता

**घुरन यादव/मध्यान्ह**
सिरहा,११ असार

सिरहाको भगवानपुर गाउँपालिकाको १३औं गाउँसभा सम्पन्न भएको छ । कार्यक्रम प्रदेश भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको प्रमुख आतिथ्यमा तथा गाउँपालिका अध्यक्ष उग्र नारायण यादवको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि यादवले किसानहरूको राहत र प्रवर्द्धनका लागि गाउँपालिकाले निःशुल्क कृषि मिटरको बिल भुक्तानी गर्ने घोषणा गरे । साथै, गरिब, विपन्न र अपाङ्ग परिवारका बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराइने बताए ।

गाउँसभाबाट पारित हुने गरी कृषि तथा पशुपालनमा संलग्न व्यवसायिक कृषकहरूलाई सेवा प्रदायक कार्यालयको सिफारिसमा पुरस्कृत गरिने, विद्यालयहरूमा




सीसी क्यामेराको निगरानीमा पठनपाठन गराइने, कृषकलाई ५० प्रतिशत अनुदानमा बीउ वितरण गरिने, स्थानीय सडक पूर्वाधार सुधार गरिने, गाउँगाउँमा खानेपानीको व्यवस्था मिलाइने र २४ घण्टा एम्बुलेन्स सेवा सञ्चालन गरिने बताइएको छ ।

त्यस्तै, गाउँपालिकाभित्र रहेका सांस्कृतिक धरोहरको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटन विकासमा जोड दिइने र स्थानीय कला, साहित्य तथा पत्रकारितालाई माध्यम बनाएर प्रचार-प्रसार गरिने नीति गाउँसभामा प्रस्तुत गरिएको छ ।

गाउँसभामा प्रस्तुत प्रस्तावहरूमा सहभागी जनप्रतिनिधिहरू र सरोकारवालाहरूले सकारात्मक प्रतिक्रिया जनाएका छन् । सभा समापन गर्दै अध्यक्ष यादवले प्रस्तावित योजनाहरूलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाए ।

कार्यक्रममा उपाध्यक्ष रेखा यादव, वडाध्यक्षहरू रामकुमार यादव, अमरलाल यादव, बिनोद यादव, मिरा यादव, कार्यपालिका सदस्य कामेश्वर यादव, शिक्षा प्रमुख जिवछ यादव, स्वास्थ्य संयोजक विजय यादव, राजेन्द्र यादव, लक्ष्मण मण्डल लगायतको उपस्थिति रहेको थियो ।

# सेफ्टी ट्यांकीमा खसेर दुई बालबालिकाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ असार

रौतहटको चन्द्रपुर नगरपालिका-१० बिनुवा टोलमा शौचालयको सेफ्टी ट्यांकीमा खसेर दुई जना बालबालिकाको ज्यान गएको छ ।

मंगलबार राति करिब पौने ८ बजे हृदय पासवानको घरको शौचालयको सेफ्टी ट्यांकीमा खेल्ने क्रममा छिमेकी गमिरा साहका १ वर्षे छोरा रन्जे साह र जगदिश साहकी १ वर्षीया छोरी खुश्बु साह खसेका थिए । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार दुबै बालबालिका शौचालयको सेफ्टी ट्यांकी माथि प्लाइले मात्रै ढाकिएको स्थानमा खेलिरहेका बेला खसेका हुन् ।

घटनापछि गम्भीर घाइते उनीहरुलाई तत्काल उद्धार गरेर उपचारका लागि चन्द्रपुरस्थित सरकारी अस्पताल लगिएको थियो । तर, चिकित्सकहरूले दुबै जनाको निधन भएको पुष्टि गरेका थिए । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी निरीक्षक रुपेशकुमार झाको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक दीपककुमार रायले घटनाबारे थप अनुसन्धान भइरहेको बताए ।

# ग्लोबल कलेजद्वारा उत्कृष्ट २५ छात्रवृत्ति घोषणा

**काठमाडौं/मस**–ग्लोबल कलेजअन्तर्गत सञ्चालित ग्लोबल स्कुल अफ साइन्सले उत्कृष्ट २५ छात्रवृत्ति घोषणा गरेको छ ।

विज्ञान समूहतर्फ प्लस टु अध्ययन गर्न चाहने विद्यार्थीका लागि पूर्ण छात्रवृत्तिमा अध्ययन गर्न पाइने कलेजले जनाएको छ ।

गुणस्तरीय शिक्षाका लागि युवाको विदेश पलायनलाई न्यूनीकरण गर्दै स्वदेशमै डाक्टर, इन्जिनियर, वैज्ञानिक जस्ता जनशक्ति निर्माण गरी सिपयुक्त र उद्यमशील नागरिक उत्पादनको लक्ष्य रहेको कलेजले बताएको छ ।

सो व्यवस्था यस वर्षको एस.ई.ई.परीक्षा दिएर बसेका विद्यार्थीहरू मात्र यस कार्यक्रममा सहभागी हुन पाउने कलेजले जनाएको छ । जि.एस.एस. मेरिट टप-२५ नाम दिइएको उक्त योजनामा सहभागी हुन चाहने विद्यार्थीले कलेज प्रशासनमा वा वेभसाइटबाट पनि दरखास्त दिनसक्ने कलेज प्रशासनले जनाएको छ ।

त्यसका लागि लिइने परीक्षामा कक्षा १० मा अध्ययन गरिएका विषयवस्तु समेटिने तथा ६० अङ्कको लिखित परीक्षा हुने र लिखित परीक्षामा ४५ अंगभन्दा माथि प्राप्ताङ्क हुने विद्यार्थीलाई अन्तर्वार्तामा सहभागी गराइने ग्लोबलले उल्लेख गरेको छ ।

छात्रवृत्ति परीक्षा-६०, अन्तर्वार्ता-१० र जिपिए-३० गरी १०० पूर्णाङ्क मानेर उत्कृष्ट २५ छानिने कलेजले जनाएको छ । कलेजका अनुसार एसईई नतिजा आएको पाँचौं दिन पूर्ण छात्रवृत्तिको परीक्षा तथा अन्तिम नतिजा सोही दिन साँझ प्रकाशित हुने छ ।

सो परीक्षामा सहभागी हुन इच्छुक विद्यार्थीलाई तयारीका लागि चाहिने नमुना प्रश्नपत्रको पुस्तकसमेत कलेज परिसरबाट निःशुल्क उपलब्ध गराइएको जनाएको छ । उक्त परीक्षाको समयतालिका इमेल तथा फोनमार्फत् विद्यार्थीलाई जानकारी दिइने कलेज प्रशासनको भनाइ छ । साथै, भर्ना भएका विद्यार्थीका लागि सत प्रतिशत पास गराउने एवं गुणात्मक परिणाम दिने प्रतिबद्धता कलेजको छ ।

# घर-घरमा खानेपानीको धारा आएपछि स्थानीय हर्षित

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ११ असार

कालीकोटको रास्कोट नगरपालिका वडा नं. ३ अन्तर्गत सागटिया खानेपानी तथा सरसफाइ योजना र कुमालवाडा नैकला खानेपानी तथा सरसफाइ योजना संयुक्त रूपमा उद्घाटन गरिएको छ ।

एकीकृत जलस्रोत व्यवस्थापन (वाम्पी) कार्यक्रम अन्तर्गत हेल्भेटास नेपाल र रास्कोट नगरपालिकाको आर्थिक सहयोग तथा मानवअधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक-नेपाल, कालीकोट) को प्राविधिक तथा सामाजिक परिचालनमा वडा नं. ३ का १८१ घरधुरीमा 'एक घर एक धारा'को अवधारणामा धारा निर्माण गरिएको हो ।

कुमालवाडा नैकला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्ष मन्दिरे कुमालको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा रास्कोट नगरपालिकाका नगरप्रमुख धर्मराज शाही (पोषण) प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा नगर उपप्रमुख मनिराज बराल र



हेल्भेटास नेपालका क्षमता विकास विज्ञ नीलकण्ठ पाण्डे विशेष अतिथिका रूपमा सहभागी थिए ।

नगरप्रमुख शाही र उपप्रमुख बरालले शुद्ध र सुरक्षित खानेपानी जनताको आधारभूत अधिकार भएको भन्दै योजनाको सफल कार्यान्वयनले रास्कोट-३ का बासिन्दाको जीवनस्तर सुधारमा योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष राजेन्द्र नाथ योगी, वडा नं. ४ का अध्यक्ष दिनेश संज्याल, वडा नं. ५ का अध्यक्ष मन तिरुवा, नगर कार्यपालिका सदस्यहरू, हेल्भेटास नेपालका वास अधिकृत चन्द्र प्रकाश के.सी., हुरेन्डेक-नेपालका फिल्ड संयोजक राजेन्द्र बहादुर शाही, प्राविधिक बसन्तजंग शाह, सामाजिक सहजकर्ता धर्मराज सेजूवाललगायतको उल्लेखनीय उपस्थिति रहेको थियो ।

योजनामा सुरुवातदेखि पूर्णता ल्याउन समन्वय र सहयोग गर्ने सबै पक्षप्रति आभार व्यक्त गर्दै हुरेन्डेक-नेपाल कालीकोटका उपाध्यक्ष खडानन्द अधिकारीले धन्यवाद ज्ञापन गरेका थिए । घर-घरमा खानेपानी धारा जडान भएसँगै स्थानीय हर्षित भएका छन् ।

# त्रियुगा नगरपालिकाले ल्यायो १ अर्ब ५३ करोडको बजेट

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ११ असार

त्रियुगा नगरपालिकाले आर्थिक वर्ष २०८२-८३ का लागि १ अर्ब ५३ करोड ३४ लाख ५९ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ । मंगलबार बसेको नगरपालिकाको १५औं नगरसभामा नगर प्रमुख वसन्त कुमार बस्नेतले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै समृद्ध, सुशासन र जनउत्तरदायी नगर पालिका निर्माणको दृष्टिकोणको खाका प्रस्तुत गरेका छन् ।

नगर उपप्रमुख महेश्वरी रईले सो नीति कार्यान्वयन गर्न बजेट प्रस्तुत गर्दै चालू खर्चतर्फ ६४ करोड ४० लाख ५२ हजार ७८० र पूँजीगत खर्चतर्फ ८८ करोड ९४ लाख ६ हजार २२० रुपै




याँ विनियोजन गरिएको जानकारी दिइन् । नगरले आगामी वर्षका लागि कृषिलाई समृद्धिको आधार मानेर पहाडी वडालाई कफी जोन घोषणा गर्ने र पशु बिमा कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । घोषणाअनुसार कृषि तथा पशुपालन विषयमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिने भएको छ । नगर को नीति अनुसार सबै नगर वासीलाई निशुल्क आँखा परीक्षण र शल्यक्रिया, निशुल्क रगत आपूर्ति, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई घरमै पुगेर स्वास्थ्य जाँच र औषधि वितरण कार्यक्रम लागू गरिनेछ ।

शिक्षालाई सुधार गर्न नगरले सामुदायिक विद्यालयहरूमा नेपाली र अङ्ग्रेजी दुवै माध्यममा अध्यापन गराउने नीति लिएको छ । साथै, महिला मैत्री विद्यालय स्थापना, 'बुक फ्री डे' अभियान र असहाय, दलित, विपन्न तथा अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति कोष स्थापना गरी समावेशी शिक्षा प्रवर्द्धन गरिने उल्लेख छ ।

नगरले सामाजिक न्याय, जवाफदेहिता, पारदर्शिता, स्रोत साधनको समुचित व्यवस्थापन, तथा सहज र प्रभावकारी सेवा प्रवाहलाई नीति कार्यक्रममा मुख्य विषयको रूपमा समेटेको छ ।

### पूर्वप्रधानमन्त्रीसँग...

दायर भएसँगै सांसदसमेत रहेका नेपालको पद निलम्बनमा परेको छ ।

पतञ्जली योग पीठ तथा आयुर्वेद कम्पनी नेपालले गैरकानूनी तवरबाट प्राप्त गरेको हदभन्दा बढी जग्गा भूमि सम्बन्धी ऐन,२०२१ को दफा ११ बमोजिम जफत तथा सरकारी सार्वजनिक कायम हुने जग्गा बेचबिखन तथा सट्टापट्टा सम्बन्धी प्रस्ताव नेपाल नेतृत्वको मन्त्रिपरिषद्मा ठाडो प्रस्तावको रुपमा पेश गरे गराएको देखिएको अख्तियारको दाबी छ ।

भूमिसम्बन्धी ऐन, २०२१ मा कुनै उत्पादनमूलक उद्योग वा व्यवसाय गर्न सरकारले हदबन्दीमा छुट हुने गरी जग्गा राख्ने सुविधाको व्यवस्था छ । तर त्यसरी सुविधामा खरिद गरेको जग्गा बिक्री गर्न पाइदैन । हदबन्दी छुटमा पाएको जग्गा सरकारले नै बिक्री गर्न अनुमती दिएपछि प्रश्न उठेको थियो ।

भारतको पतञ्जलि योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालयदेखि अस्पताल र जडीबुटी फार्म सञ्चालन गर्न २०६४ सालमा कम्पनी दर्ता गरेको थियो । हदबन्दीभित्रको जग्गाले नपुग्ने भएपछि उसले सरकारलाई हदबन्दी छुटमा जग्गा राख्ने अनुमति दिन आग्रह गरेको थियो । कानुतः हदबन्दी छुटको जग्गा बेच्न मिल्दैन, कम्पनी विघटन हुँदा सहुलियतको जग्गा स्वतः सरकारीकरण हुने कानूनी व्यवस्था छ । तर २०६६ सालमै तत्कालीन सरकारले जग्गा बिक्री गर्न अनुमति दिने निर्णय गरेको थियो ।

### महाधिवेशनमा...

भइसके । ७० वर्ष उमेर कटिसके । ओलीले नेतृत्वमा दोहोरिने चाहना राखेकाले पनि दुवै प्रावधानबारे विधान महाधिवेशनमा छलफल हुने नेताहरू बताउँछन् ।

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली जतिपनि नीतिगत विषय आएका छन् त्यसउपर महाधिवेशनमा छलफल भएर टुंगो लाग्ने बताउँछन् ।

उनकाअनुसार उमेर हद र दुई कार्यकालको विषय पनि महाधिवेशनले नै टुंगो लगाउनेछ । उमेर हद र दुई कार्यकालको विषयमा के गर्ने भनेर विधान महाधिवेशन प्रतिनिधिहरूले निर्णय गर्ने छन् ।

'हाम्रो पार्टीको फैसला गर्ने सर्वोच्च निकाय विधान महाधिवेशन भएकाले यसबारे आवश्यक निर्णय विधान महाधिवेशन गर्नेछ', बुधबारको पार्टी सचिवालय बैठकपछि ज्ञवालीले भने ।

ज्ञवालीका बुझाइमा नीतिगत विषयलाई लिएर धेरै अनुमानहरू गर्नु या सिद्धान्तको विषय बनाउनु जरुरी छैन । उनको नजरमा उमेर हद र दुई कार्यकालको विषय सिद्धान्तको पनि विषय होइन ।

मार्क्सवादले उमेर हद राख्नुपर्ने र राख्नुनपर्ने केही नभएको भनेर उनले कटाक्ष गरे । एमालेले मार्क्सवाद मान्ने भन्दै उनले मार्क्सवादले उमेर हद राख्नुपर्छ नभनेको, राख्न हुन्न पनि भनेको भनेर कटाक्ष गरेका हुन् । ज्ञवाली थप्छन्, 'उमेर हद राख्नुपर्छ भन्नेहरू भयंकर क्रान्तिकारी र नराख्नुपर्छ भन्नेहरू अक्रान्तिकारी होइन ।'

ज्ञवालीका नजरमा उमेर हद र दुई वर्षे कार्यकालको प्रावधानको हद तत्कालिन आवश्यकताले सिर्जना गर्ने विषय हो । विगतमा एमालेले ७० वर्षे उमेर हद राख्ने निर्णय गरेको थियो । विगतको यस्तो बाधक भएको महसुस पार्टी सचिवालय र केन्द्रीय कमिटीले गरेपछि स्थगन गर्ने निर्णयमा पुगिएको उनले स्मरण गरे ।

महाधिवेशनको तयारीमा जुटेको एमालेले पार्टी सदस्यता नवीकरणका लागि १५ दिन म्याद थपेको छ । यही अब असार १५ गतेसम्म प्रदेश र असार मसान्तसम्म केन्द्रमा नवीकरणको विवरण आइसक्नुपर्ने निर्णय सचिवालय बैठकको छ ।

### जागिरको...

उत्तराखण्डको विभिन्न ठाउँमा अमानवीय रूपमा बन्धक बनाइएका उनीहरूको उद्धार भएको हो । उद्धार गरी स्वदेश ल्याइएका नेपालीहरूलाई सुदूरपश्चिम प्रदेशका प्रहरी प्रमुख डीआइजी डम्बरबहादुर विकले स्वागत गरे । उद्धार गरिएका ५७ युवाहरूमा सुदूरपश्चिमदेखि सुदूरपूर्वसम्मका छन् । उनीहरूलाई बुधबार महेन्द्रनगरमै बस्ने प्रबन्ध गरिएको छ । बिहीबार उनीहरूलाई गन्तव्यमा पठाइने छ ।

उद्धार हुनेमा चितवनका १०, कैलालीका ९, सुनसरीका ५, पाँचथर, तेह्रथुम र उदयपुरका ४/४, दाङ, स्याङ्जा र बाँकेका ३/३, डोटी, ताप्लेजुङ र धादिङका २/२, सर्लाही, कास्की, रुकुम, बाग्लुङ, इलाम र रुपन्देहीका १/१ गरी ५७ जना बन्धकलाई उद्धार गरेर स्वदेश फिर्ता ल्याइएको हो ।

### जागिरको...

'किन इन्डिया' नामक गैह्रसरकारी संस्थाले सघाइरहेको छ । 'किन इन्डिया' भारतमा मानव बेचबिखनविरुद्ध क्रियाशील संस्था हो । मानव बेचबिखन रोकथामको क्षेत्रमा काम गर्दै आएका जानकारहरूले आकर्षक रोजगारीका नाममा बन्धक बनाइ ठगी गर्ने नयाँ प्रवृत्ति देखा परेको जनाएका छन् ।

'किन इन्डिया'का निर्देशक नवीन जोशीले पीडितहरूले दिएको सूचनालाई आधार बनाएर थप नेपालीको खोजीमा आफूहरू उत्तराखण्डको रुद्रपुर पुगेको बताएका छन् । उत्तराखण्डको काशीपुरमा सक्रिय गिरोहले नेपालीहरूलाई दबावमा पारी र धम्की दिएर रकम असुल्ने गरेको पाइएको छ निर्देशन जोशीले बताए ।

ती गिरोहले सहर नजिकैका एकान्त स्थानमा घर नै भाडामा लिएर नेपालीहरूलाई बन्धक बनाउँदै आएका हुन् । जोशीले भने, 'त्यस्ता गिरोहका सञ्चालकहरू निकै चलाख देखिन्छन् । यसबारे चासो पैदा भएसँगै उनीहरूले पीडितहरूलाई एक ठाउँबाट अर्को ठाउँ सार्ने गरेको देखिएको छ ।'

बन्धक बनाइएका ताप्लेजुङ एक नेपालीले आफ्नो साथीको मृत्यु भएपछि उद्धारको अनुरोध स्थानीय प्रशासन कार्यालयको सम्पर्कमा पुगेको र शवको उद्धारका निम्ति किन इण्डियालाई अनुरोध गरेपछि त्यस्तो 'स्क्याम'बारे पर्दाफास भएको हो । नेपालीहरूबाट रकम असुल्नेहरूले 'चेन व्यवसाय'को जस्तो शैली अपनाएको देखिएको छ ।

ती गिरोहले सुरुमा आकर्षक रोजगारीको प्रलोभन दिएर नेपालीलाई बोलाउँछन् । बोलाएको स्थानमा पुगिसकेपछि ब्याङक खाता, आधार कार्ड तथा तालिम आदिका नाममा ५०-६० हजार लाग्ने भन्दै रकम असुल्छन् ।

उनीहरूको सम्पर्कमा आएका नेपालीलाई दबावमा पारेर आफ्नो चिनजानका व्यक्तिहरूलाई बोलाउन लगाउँछन् । यसरी एउटा 'चेन'जस्तो शैली विकास भएको अधिकारीहरू बताउँछन् ।

उद्धार गरिएका एक पीडितले भने, 'एक साथीले बिलिङ तथा प्याकिङको काम भएको र आफूले राम्रो कमाइ गरिरहेको भन्दै बोलायो । उसले तालिम तथा कागजपत्र आदि बनाउन सुरुमा नेपाली ४० हजार रुपैयाँ खर्च हुने र त्यसपछि महिनाको ३० हजार भारुसम्म कमाइ हुने बताएपछि यहाँ आइपुगेको हुँ ।' यहाँ आएकै पर्सीपल्ट आफू ठगिएको र उच्च निगरानी राखिएको पनि उनले बताएका छन् । उनका अनुसार त्यस्ता केन्द्र सञ्चालन गर्ने मानिसहरूले फोन तथा मेसेजको समेत निगरानी राख्ने गरेका छन् ।

उनले सुरुमा लगिएको ठाउँमा ४/५ सय नेपालीहरू पनि रहेको जनाए । नेपालीहरूलाई उद्धार गर्ने क्रममा त्यस्ता गिरोहहरूको पर्दाफास भएको केही पक्राउ पनि परेका छन् ।

### सर्वोच्चको...

रोजगारीको अवसरबाट बञ्चित गराइएका नेपाली कामदारहरूको विवरण संघको कार्यालयमा पठाउन सदस्य संस्थाहरूलाई आह्वान समेत गरेका छन् ।

उता जानले अदालतमा रिट दायर भएपछि फैसला नआउन्जेल परीक्षा सञ्चालन नगर्ने भएको छ । जानका अध्यक्ष डा. रामचन्द्र भुसालले मंगलबार अदालतको पत्र प्राप्त भएको भन्दै विभागले दिएका व्यक्तिको परीक्षा सञ्चालन गरेर नतिजा पठाइसकिएको र अब फैसला नआउन्जेल परीक्षा सञ्चालन नगर्ने मध्यान्ह दैनिकलाई बताए ।

### सुरक्षित...

हेर्ने दृष्टिकोण बनाउनुपर्ने बताए । हालै सम्पन्न ११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा पनि श्रमिकको अधिकार, सुरक्षित कार्य वातावरण र न्यूनतम मापदण्डहरूका विषयमा बलियो बहस भएको स्मरण गर्दै मन्त्री भण्डारीले नेपालले आप्रवासी श्रमिकको हितमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार नीति निर्माण र कार्यान्वयन गरिरहेको जानकारी गराए । जीसीएमको उद्देश्यअनुसार विकास र आपसी मान्यताको महत्व औंल्याउँदै मन्त्री भण्डारीले एशिया-जीसीसी सीप मान्यता ढाँचा निर्माणको प्रस्ताव अघि सार्दै दक्ष जनशक्तिको सुगम प्रवाहमा सहयोग पुऱ्याउने मन्त्री भण्डारीले विश्वास व्यक्त गरे ।वैदेशिक रोजगारीमा देखिएका ठगी, अकालमा मृत्यु, ऋणको पासो र डिजिटल ठगीजस्ता जोखिमका विरुद्ध सरकारले शून्य सहनशीलता नीति अवलम्बन गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले एशिया-जीसीसी संयुक्त कार्यदल गठन गरी नीति समन्वय गर्दै ठगी नियन्त्रण गर्न आवश्यक रहेको बताए । उनले सुरक्षित आप्रवासन कार्यक्रम देशका सबै ७७ जिल्लामा विस्तार गरिएको जानकारी गराउँदै अझ प्रभावकारी कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई कृषि, पर्यटन, उद्योगलगायतका उत्पादनशील क्षेत्रमा संलग्न गराउने कार्यक्रम विस्तार गरिने जानकारी गराउँदै कोरियाको १९६० दशकको पुनःएकीकरण अनुभव, स्विट्जरल्याण्डको रूपान्तरण, बंगलादेशको गार्मेन्ट उद्योगमा केन्द्रित रणनीति र भारतको रिभर्स माइग्रेसन पहलबाट नेपालले सिकिरहेको बताए । उनले जिसीसी राष्ट्रहरूसँग संयुक्त पुनःएकीकरण कोष स्थापना गरी फर्किएका श्रमिकलाई सीप प्रयोगमा लगाएर विकासका अगुवा बनाउने प्रस्ताव अघि सारे ।

मन्त्री भण्डारीले सहकार्यका लागि तीन वटा कार्यान्वयन योग्य प्रस्तावहरू अघि सार्दै पहिलो एशिया-जीसीसी आप्रवासन कार्यदल गठन गरी भर्ती प्रक्रिया, पारिश्रमिक र अधिकार संरक्षणमा नीति समन्वय गर्नुपर्ने, दोस्रो संयुक्त सीप र तथ्यांक पहलमार्फत जिसीसी श्रम बजारको मागअनुसार योग्यताको सर्टिफिकेसन र डेटा प्रणाली विकास गर्नुपर्ने र तेस्रो वार्षिक संवाद संयन्त्रको स्थापना गरी महिला आप्रवासीको अवस्था र प्रविधिको प्रभावजस्ता नयाँ चुनौतीहरू समाधान गर्नुपर्ने बताए ।

श्रम मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले बदलिँदो क्षेत्रीय परिस्थिति, विशेषतः इरान-इजरायलबीचको पछिल्लो तनाव र त्यसबाट उत्पन्न आप्रवासन चुनौतीहरूको सन्दर्भमा 'ग्लोबल कम्प्याक्ट फर माइग्रेसन'को कार्यान्वयनमा सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य भएको बताए ।

'हामीले नियमित आप्रवासनका मार्गहरू केवल विस्तार गर्न होइन सुरक्षा, समानता र दिगोपनाका साथ गुणस्तरीय बनाउनेतर्फ ध्यान दिनुपर्छ,' उनले भने, 'आप्रवासन बाध्यता होइन, विकल्प हुनुपर्छ । दिगो विकास लक्ष्य, मर्यादित रोजगारी, असमानता न्यूनीकरण र वैश्विक साझेदारी साकार पार्न आप्रवासन व्यवस्थापन अपरिहार्य छ ।'

नेपालका लागि वैदेशिक रोजगारी रेमिट्यान्समुखी अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको सचिवले डा. पुष्करले बताए । नेपाल क्षेत्रीय श्रम आप्रवासनका लागि स्थापित मञ्चहरू कोलम्बो प्रक्रिया र अबुधाबी संवादमा समेत सक्रिय रहेको स्मरण गराउँदै सचिव डा. पुष्करले अबको प्राथमिकता प्रमाण-आधारित नीति संवाद, सीपको पारस्परिक मान्यता, सामाजिक सुरक्षा हस्तान्तरण र प्रवासी श्रमिकको गुनासो समाधान प्रणाली विकासमा केन्द्रित हुनुपर्ने धारणा राखे ।

नेपाल सुरक्षित, मर्यादित र नियमित आप्रवासन प्रणाली निर्माणका लागि सबै साझेदारहरूसँग सहकार्य गर्न तयार रहेको स्पष्ट पार्दै सचिव डा. पुष्करले भने, 'हाम्रो आजको छलफलले एशिया-जिसीसी क्षेत्र र त्यसपारिको आप्रवासन भविष्यलाई समावेशी, मानवीय र सुरक्षित बनाउने आधार तयार गरोस् ।'

UAE मा रोजगार | कम्पनी : I F T G TECHNICAL SERVICES L.L.C | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०६ चलानी नं.: ६०२३३२५५ LT. No.:319035 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५
महराजगंज, काठमाडौं, फोन: ०१–४५४७९४७, Mobile No.: 9802358223 / 9802358233.
E-mail : aasthamanpower@gmail.com, Web.:asthamanpower.com

# बागमती प्रदेशको बजेट सञ्चारमैत्री नभएको भन्दै ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
हेटौंडा, ११ असार

बागमती प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटप्रति सञ्चार क्षेत्रका विभिन्न संघ-संस्थाले गम्भीर आपत्ति जनाएका छन् ।

श्रमजीवी पत्रकारका हित विपरीत र सञ्चारमाध्यमलाई निषेध गर्ने शैलीमा बजेट ल्याइएको भन्दै १३ वटा सञ्चार क्षेत्रका संघसंगठनले संयुक्त ध्यानाकर्षण पत्र जारी गर्दै आपत्ति जनाएका हुन् ।

ध्यानाकर्षण पत्रमा लोककल्याणकारी विज्ञापन रकम ८५ प्रतिशतले कटौती गरिएको, पत्रकार संघहरूमार्फत सञ्चालित क्षमता विकास कार्यक्रम हटाइएको तथा श्रमजीवी पत्रकारका लागि आवश्यक कार्यक्रमहरू बजेटबाट हटाइएकोप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ ।



आर्थिक वर्ष २०८२/८३ को नीति कार्यक्रममा उल्लेख भएका सामाजिक सुरक्षा कोषमा पत्रकारको आबद्धता, कानुनी तथा कार्यक्रमगत संरचना निर्माण, विज्ञापन नियमन तथा अनुगमन जस्ता विषय बजेटमा समावेश नगर्नु अत्यन्त दुर्भाग्यपूर्ण रहेको ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

सञ्चार हेर्ने जिम्मेवारी पाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पनि संचार क्षेत्रका लागि केवल केही लाख रुपैयाँ तजबिजको रुपमा मात्र बजेट छुट्याएकोप्रति दुःख व्यक्त गरिएको छ ।

ध्यानाकर्षण पत्रमा भनिएको छ, 'लोकतन्त्रको अभिन्न अंग सञ्चार क्षेत्रलाई कमजोर बनाउने गरी ल्याइएको बजेट तत्काल संशोधन गरी सञ्चारमैत्री बजेट निर्माण गरियोस् ।'

पत्रकार संगठनहरूले सञ्चार क्षेत्रको मागलाई बेवास्ता गर्दै बजेट पारित गरिएमा प्रदेश सरकारका गतिविधिहरू सञ्चार माध्यममा सम्प्रेषण नगर्ने जस्तो कठोर कदम चाल्नुपर्ने अवस्था आउन सक्ने चेतावनीसमेत दिएका छन् ।

संयुक्त ध्यानाकर्षण पत्रमा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, नेपाल प्रेस युनियन बागमतीका उपाध्यक्ष सुजन बिडारी, प्रेस चौतारी नेपालका महासचिव प्रकाश दाहाल, प्रेस सेन्टर नेपालका अध्यक्ष ध्रुव अधिकारी, समाजवादी प्रेस संगठनका बरिष्ठ उपाध्यक्ष नमाज छत्कुली, फोनिज बागमतीका अध्यक्ष युबैराज श्रेष्ठ, मकवानपुर शाखा अध्यक्ष बालकृष्ण अधिकारी, बान बागमती अध्यक्ष गंगा पौडेल, सामुदायिक रेडियो प्रशारक संघका कोषाध्यक्ष दान बहादुर गुरुङ, स्वतन्त्र पत्रकार संघका उपमहासचिव सुरेश श्रेष्ठ, सञ्चारिका समूहकी महासचिव तानीमाया सापकोटा, राष्ट्रिय फोटो पत्रकार संघका सचिव कुमार श्रेष्ठ लगायतको हस्ताक्षर छ ।

# यस वर्षको 'नन्द प्रसाद जानुका स्मृति सम्मान' शिक्षासेवी तुलाधरलाई

**काठमाडौं/मस-** नन्द प्रसाद जानुका फाउन्डेशनले शिक्षासेवी मिलनराज तुलाधरलाई 'नन्द प्रसाद जानुका स्मृति सम्मान'प्रदान गर्ने घोषणा गरेको छ । फाउन्डेशनले नन्द प्रसाद स्मृति दिवसको अवसरमा यस वर्षको 'नन्द प्रसाद जानुका स्मृति सम्मान' तुलाधरलाई प्रदान गर्ने घोषणा गरेको हो ।



पुरस्कार तथा सम्मान छनौट समितिले गरेको सिफारिसको आधारमा फाउन्डेशन सञ्चालक समितिको बैठकले रसियाका लागि पूर्व राजदूत रहिसकेका दोलखाको क्षमावती माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक तुलाधरलाई २५ हजार रुपैयाँ नगद राशी र सम्मान पत्रसहित सम्मानित गर्ने घोषणा गरिएको अध्यक्ष अजयबाबु शिवाकोटीले जानकारी दिए ।

उनले आगामी भदौ ४ गते नन्द प्रसाद शिवाकोटीको जन्म जयन्तीको अवसरमा काठमाडौंमा विशेष सम्मान कार्यक्रम आयोजना गरिने पनि बताए । कफाउन्डेशनले दोलखाको शैक्षिक उन्नयन तथा सामाजिक रूपान्तरणका माध्यमबाट समुन्नत दोलखा बनाउने अभियानमा लाग्ने व्यक्तिहरूलाई सम्मानित र पुरस्कृत गर्दै आएको छ ।

साविकको क्षेत्र नम्बर ११ अर्थात् हालको दोलखा जिल्लाको शैक्षिक क्षेत्रका अगुवा, सामाजिक तथा राजनीतिक व्यक्तित्व नन्दप्रसाद शिवाकोटी तथा उनकी पत्नी जानुका शिवाकोटीको नाममा नन्दप्रसाद जानुका फाउन्डेसन स्थापना भई विभिन्न सामाजिक काममा सक्रिय हुँदै आएको छ ।

# समयअगावै काम सम्पन्न गर्ने युवा व्यवसायी खनाल सम्मानित




**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ असार

देशका अधिकांश निर्माण व्यवसायीहरूले आयोजना समयमै सम्पन्न गर्न नसकेर कारबाही भोगिरहेका बेला अर्घाखाँचीका एक निर्माण व्यवसायी भने तोकिएको समयभन्दा अगावै काम सम्पन्न गरी सम्मानित भएका छन् । अर्घाखाँचीमा रहेको खनाल प्रतिभा जेभीले जिल्लाभित्र तथा बाहिरका आधा दर्जन योजना सम्झौताभन्दा अगावै सम्पन्न गरेपछि सञ्चालक वरिष्ठ निर्माण व्यवसायी कबिराम खनाल सम्मानित भएका हुन् ।

भूमिका स्थान-नरपानी-नुवाकोट सडकखण्ड अन्तर्गतको सडक कालोपत्रे (पिच) गर्ने कार्य निर्धारित समयभन्दा चार महिना १० दिनअघि नै सम्पन्न गरी पूर्वाधार कार्यालय अर्घाखाँचीलाई हस्तान्तरण गरेको छ ।

सडक पूर्वाधार कार्यालय अर्घाखाँचीका प्रमुख गोपिराज पुनका अनुसार खनाल प्रतिभा जेभीले ८ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न गर्ने सम्झौता गरी २०७८ असार ७ गते उक्त सडक ठेक्का लिएको थियो । सो अनुसार २०७८ जेठ २५ गते काम सम्पन्न गर्नुपर्ने भएपनि कम्पनीले तोकिएको मितिभन्दा चार महिना १० दिनअगावै काम सम्पन्न गरी हस्तान्तरण गरेको हो ।

जिल्लाका केही निर्माण व्यवसायीले आयोजना अलपत्र पारेर कारबाही भोगिरहेका बेला खनाल प्रतिभा जेभीले प्यूठानको स्वर्गद्वारी नगरपालिका, सन्धिखर्क नगरपालिका बजार क्षेत्र, एक विद्यालयको निर्माण, तथा सन्धिखर्कका विभिन्न अन्य योजना समयभन्दा अगावै सम्पन्न गरी उदाहरणीय कार्य गरेको जिल्ला समन्वय प्रमुख जीवनारायण कोईरालाले बताए । कम्पनीका सञ्चालक खनालले आफुले पाएको सबै योजना सम्झौताको म्यादभन्दा अगाडि सम्पन्न गरेर बुझाएको जानकारी दिँदै सम्मानले थप प्रेरणा मिलेको बताए । सडक पूर्वाधार कार्यालय प्रमुख गोपिराज पुनले समयभन्दा अगाडि निर्माण सम्पन्न गरेमा प्रति दिन ०.०५ प्रतिशत बोनस, अधिकतम १० प्रतिशतसम्म दिने तथा समय नाघेमा सोही अनुसार जरिवाना लिने कानुनी व्यवस्था रहेको बताए ।

**Qatar मा रोजगार** Five Group Trading Company W.L.L

पूर्व स्वीकृती मिति: २०८२/३/१० चलानी नं. ६०२४००९२ LT.No. 326130

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant | 2 | 0 | काममा दक्ष | 1200 | ४५,२९०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cashier | 0 | 8 | | 1300 | ४९,०००।- | | | | | | | |
| ३. | Labourer | 14 | 0 | | 1000 | ३७,७४१।- | | | | | | | |
| ४. | Packing Worker | 5 | 0 | | 1000 | ३७,७४१।- | | | | | | | |
| ५. | Shipping Agent Unloading | 10 | 0 | | 1200 | ४५,२९०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु. १०,०००/- |

अन्तरवार्ता २०८२ असार १९ गते (3 July, 2025) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

[illegible]

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075

आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9851067941, 9801081902
BRANCH OFFICE: Chitwan: 056-514109, +977 9802899323, Pokhara: 061-591364, +977 9765652471

**Saudi मा रोजगार** The National security services is a closed joint stock company

पूर्व स्वीकृती मिति: २०८२/३/१० चलानी नं. : ६०२४०१०८ LT No.: 326170

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner & Office Boy | 50 | काममा दक्ष | 1000 | ३६,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

पूर्व स्वीकृती मिति: २०८२/३/१० चलानी नं. : ६०२४०१०५ LT No.: 326169

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner & Office Boy | 100 | काममा दक्ष | 1000 | ३६,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The Most Suitable Solutions For General Contracting पूर्व स्वीकृती मिति: २०८२/३/१० चलानी नं. : ६०२४०१०६ LT No.: 326167

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | काममा दक्ष | 1200 | ४३,९२१।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | [illegible] | [illegible] | [illegible] | नि:शुल्क |

अन्तरवार्ता २०८२ असार १९ गते (3 July, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल ललितपुरमा हुनेछ ।

[illegible]

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**KUWAIT मा महिलाहरूलाई रोजगार** Company : Kuwait English School

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/०८/२१ चलानी नं. : ६०२११९३६ LT No.: 266062

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Indoor Cleaners | 0 | 42 | काममा दक्ष | 85 | ३८,२१८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | [illegible] | [illegible] | [illegible] | नि:शुल्क |

अन्तरवार्ता २०८२ असार १९ गते (3 July, 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

[illegible]

GULF EMPIRE COMPANY PVT. LTD.
Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
मोबाईल : ९७०९०९४६४८, ९८२३२५७२७१, ९८०२३८४७७५
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : gulf-empire.com

आवश्यकता
यस प्रा.लि. को लागि अनुभवी PRO - 1(M/F), Office Securities -1 (F), Receiption -1 (F) र Accountant- 1 (F) हरुको आवश्यकता भएकाले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

## पञ्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आम्चौरा, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### क्याटलग सपिङ विधिबाट हेभी इक्विपमेन्ट खरिद गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०३/१०**

पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट अनुसार Backhoe Loader सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख बमोजिम उत्पादक वा सोको आधिकारीक विक्रेताहरू बीचमात्र प्रतिशपर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी वा सो को आधिकारीक विक्रेताले कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र आधिकारीक विक्रेताको प्रमाणपत्र आ.व. ०८०/०८१ को करचुक्ता प्रमाणपत्र लगायतका कागजातहरूको प्रमाणित प्रतिलिपी समावेस गरि सोही निमावलीको नियम ३१ ख.उपनियम २ बमोजिम Backhoe Loader को आधिकारीक ईस्पेसीफीकेसन, गुणस्तरीय, मूल्य र सेवा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संकलन गरि मिति २०८२/०३/२५ गते १२ बजेभित्र शिलबन्दी निवेदन/प्रस्तावदर्ता गराउनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । नियमाअनुसार पेश हुन आएका प्रस्तावहरू मिति ०८२/०३/२५ गतेका दिन २ बजे पञ्चेश्वर गाउँपालिका सभाहलमा खोलिने छ ।

**देहाय**

| ठेक्का नं. | हेभी ईक्विपमेन्ट | संख्या | कागजात प्राप्त गर्ने तथा प्रस्ताव पेस गर्ने कार्यालय र स्थान |
|---|---|---|---|
| PRM/CS/G/01/2081-082 | Backhoe Loader | १ थान | पञ्चेश्वर गाउँपालिकाको कार्यालय आम्चौरा, बैतडी<br>सम्पर्क नम्बर : ९८६८८७३२४३<br>Email id : pancheshwormun@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रदेश सरकार**
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
**ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**सूचना प्रकाशन मिति २०८२/०३/१२ गते**

यस कार्यालयबाट तपसीलका सडक पुल निर्माण कार्य सम्बन्धमा मिति २०८२/०२/०८ गते बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित भई विधुतीय बोलपत्र प्रणाली (eGP-II) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मिति २०८२/०३/०८ गते खोलिएकोमा,उक्त प्राविधिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) बमोजिम मूल्याङकन हुँदा देहायका उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव सोही नियमावलीको ३१ ज(४) अनुसार सारभूत रुपमा प्रभावग्राही भई सफल भएकोले मिति २०८२/०३/१९ गते अपरान्ह १.०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोही नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| सि.न. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-BRIDGE-31-2081/082 | Construction of Bhungra Khola Motorable Bridge, Mapya Dudhkoshi -4 & 5, Kaku, Solukhumbu | RIDARC Nepal Pvt.Ltd., Nakhu-04, Lalitpur |
| | | | Yati Nirman Sewa, Solu Dudhkunda-5, Solukhumbu |
| | | | R.S.-B.K.S.K. J/V, Kathmandu |
| | | | Ganesh-Prithivi-Key West J/V, New Baneshwor-10, Kathmandu |
| | | | Vishal-Sindhuli-Masani J/V, Lalitpur, Lalitpur |

**कार्यालय प्रमुख**

## देवाही गोनाही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**प्रेमपुर गोनाही, रौतहट**
**मधेश प्रदेश (नेपाल)**

### दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी ७ दिने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२/०३/१२**

यस नगरपालिकाबाट मिति २०८२/०३/०४ गतेमा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचनाअनुसार पेश हुन आएका दरभाउपत्रमध्ये तपशिलबमोजिमको दरभाउपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | छनौट दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | DGMUN/03/2081/082 | दमकल (Tractor Driven Fire Fighter) खरिद | विधा ट्रेडर्स कलैया, बारा | १८,८७,१००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# फुकाउनैपर्ने झमेला

स्थानीय सरकार सञ्चालन ऐन-२०७४, बमोजिम १० असारभित्र स्थानीय सरकारहरूले बजेट ल्याइसक्नुपर्ने हुन्छ । साउनदेखि नयाँ आर्थिक वर्ष सुरू हुने भएकाले पनि असार पहिलो साता नै बजेट ल्याउने व्यवस्था गरिएको हो । तर यो कानुन अनुसार काठमाडौं महानगर सहित ४२ स्थानीय सरकारले बजेट ल्याउन सकेन । स्थानीय सरकार बनेपछि काठमाडौं महानगरमा कानुनी व्यवस्था बमोजिम बजेट नआएको यो पहिलोपटक हो । अघिल्ला मेयर विद्यासुन्दर शाक्यले जतिसुकै विवाद हुँदा पनि समयमै बजेट ल्याउने गरेका थिए । त्यसबेला पनि मेयर शाक्य र हरिप्रभा खड्कीबीच मतभेद हुने गरेको थियो । शाक्य एमालेबाट निर्वाचित मेयर थिए भने उपमेयर खड्की कांग्रेसबाट निर्वाचित थिए । तर गैरदलीय उम्मेदवारी दिएर मेयर जितेका बालेनले बजेट ल्याउन पहल नै गरेनन् ।

बालेनको अडान छ– भ्रष्टहरूसँग नबस्ने । बालेनको अडान नफेरिने हो भने काठमाडौं महानगर सञ्चालनमै समस्या आउने देखिन्छ । उपमेयर सुनिता डंगोलसँग पनि मेयर बालेनको दुरी बढेको छ । एमाले उम्मेद्वार बनेर उपमेयर जितेकी डंगोलसँग बालेनले अघिल्ला आर्थिक वर्षहरूमा सहकार्य गर्दै आएका थिए । कार्यपालिकामा कांग्रेसको साथ थियो । तर बालेनले एमाले-कांग्रेसका नेताहरूलाई भ्रष्टको आरोप लगाएर सँगै नबस्ने भनिरहेका छन् । यदि कार्यपालिका बस्न सकेन भने बजेट आउने छैन । बजेट नआउँदा विकासे कामकारबाही रोकिने मात्र नभएर कर्मचारीलाई तलब दिन समेत कठिन हुनेछ । कार्यकारी प्रमुखसँग मतभेद हुँदा कर्मचारीलाई तलब नपाउने अवस्था यसअघि एकपटक आइसकेको छ ।

काठमाडौं महानगरकै जस्तो अवस्था धरान उपमहानगर पालिकामा पनि देखिएको छ । त्यहाँ पनि गैरदलीय उम्मेद्वार बनेर मेयर जितेका हर्क साम्पाङ र माओवादी उम्मेदवार बनेर उपमेयर जितको अइन्द्रबिक्रम बेघाबीच चर्को विवाद छ । प्रमुख र उपप्रमुख बीचको मतभेदले बजेट आउन नसक्ने समस्या राजनीतिक दलकै नेतृत्वमा रहेका स्थानीय सरकारहरूमा पनि देखिएको छ । अर्थात् कानुनमै लेख्दा पनि स्थानीय सरकारहरूले समयमा बजेट ल्याउन सकिरहेका छैनन् । यसको परिणाम व्यवस्थाप्रति नै नकारात्मक धारणा बनिरहेको छ । गणतन्त्र र वर्तमान नेतृत्वले देश चलाउन नसक्ने निष्कर्षलाई बल पुगिरहेको छ । त्यसैले हरेक तहमा रहेका सरोकारवालाहरूले कम्तिमा बजेट ल्याउने जस्तो कुरालाई प्राथमिकतामा राख्न जरुरी छ ।

# जबजको सौन्दर्यविहीन तीन दशक

*मदन भण्डारीले सांस्कृतिक रूपान्तरण गर्ने विषयलाई शीर्ष महत्व दिएको देखिन्छ । तर, यस दिशातिर पार्टीले सिन्को पनि भाँचेको छैन...*

अग्रलेख



● प्रा.डा. बद्रीविशाल पोखरेल

जनताको बहुदलीय जनवादले तीन दशक पार गरिसकेको छ । यस लामो अन्तरालमा जबजमार्फत मूलतः नेपाली कम्युनिस्ट र प्रजातान्त्रिक आन्दोलनमा प्राप्त उपलब्धि र प्राप्ति केलाउनु जरुरी हुन्छ । जतिबेला संसारबाट कम्युनिस्ट आन्दोलन धराशायी र धुलिसात् भएको थियो, त्यति नै बेला नेपालमा कम्युनिस्ट आन्दोलनको हँसिया हथौडा चिन्ह अंकित लाल झन्डा फहराएको थियो । तत्कालीन रूसमा समाजवाद ढलेपछि उपर्युक्त महासंकट विश्वव्यापी रूपमा सिर्जना भएको थियो । कम्युनिस्ट आन्दोलनमा आएको वैश्विक संकट हटाउन जननेता मदन भण्डारी जबजमार्फत लागिपरेका थिए । उनी यो संकट आउनुभन्दा पहिले नै मार्क्सवादको पुनः सिर्जनका सवालमा लामो समयदेखि चिन्तन र गहन अध्ययनमा लागिपरेका थिए । यसैको परिणाम उनी पार्टीको महासचिव भए । मदनकै मार्गदर्शन र सहजीकरणमा संयुक्त बाम निर्माण गरी नेपाली कांग्रेससमेत सहकार्य गर्दा २०४६ सालको आन्दोलन सफल भएको थियो ।

भ्रूणस्थ जबजका आलोकमा सार्वभौम सत्ता जनतामा निहित नेपालको संविधान २०४७ जारी हुन सकेको हो । उक्त संविधानलाई अझ लोकतान्त्रिक बनाउन मदनले २७ बुँदे फरक मत राखेका थिए । ०४६ पछि प्रतिगामी दरिबारिया शक्ति पुनर्जीवित हुनसक्ने खतरा थियो । त्यसैले प्राप्त उपलब्धिलाई जोगाउन र जगेर्ना गर्न नेकासँग संक्रमणकालमा सहकार्य गर्ने प्रस्ताव गरिए पनि कार्यान्वयन हुन सकेन । तथापि, पार्टीले अनेक क्षति सहेर भए पनि जबजमार्फत नेकासित न्यूनतम सवालमा एकताबद्ध हुने र गर्ने प्रयत्न गरिएको थियो । आसन्न र सम्भावित संगीन संकट देखेर अहिले नेका र एमालेका बिच संयुक्त सरकार बनेको छ । देश चरम अस्थिरताको दलदलमा परेका बेला देशमा उथलपुथल ल्याएर असफल राष्ट्र बनाउन उद्यत अवस्था देखेर एमाले र नेकाको संयुक्त सरकार बन्न बाध्य भएको स्थिति हो । जे-जस्ता भित्री र बाहिरी परिघटना भए पनि संकटका साथी र सारथीहरू मिल्छन् भन्ने कुरा विभिन्न उदाहणबाट प्रमाणित हुन्छ । यी दुवै शक्तिले २०६२/०६३ को शान्तिपूर्ण ऐतिहासिक जनआन्दोलनमा देशमा जनधनको अपार क्षतिका साथ युद्धरत माओवादीलाई समेत साथमा लिए । यसले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित हुन गयो । उक्त आन्दोलन आपसी सहमतिमा स्थगन भए पनि माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टी र कार्यकर्तालाई संघर्षरत रहन कडा निर्देश गरे तर पनि त्यसको सुनवाइ भएन । बहालवाला सेनापतिलाई बलात् हटाई देशभित्र विग्रह ल्याउने जस्ता अनेक प्रपञ्च रचिए ।

२०६२/०६३ बाट प्राप्त उपलब्धि जोगाउन जबजको आलोकमा नेकासहित भएर काम भइरह्यो । प्रथम महिला राष्ट्रपति विद्या भण्डारीको संविधानको पालन र संरक्षणको भूमिका विशिष्ट रह्यो । संविधानअन्तर्गत रहेर नेपाल राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधीनताका सवालमा निर्वाह गरेको भूमिका उदाहरणीय रह्यो र यसैले एमाले पार्टीले उनलाई गणतन्त्र गौरवका रूपमा उच्च सम्मान समेत गरेको थियो । नेपालमा संविधान २०७२ निर्माण र जारी नै गर्न नदिने, अमानवीय नाकाबन्दी लगाएर नेपाललाई चरम अस्थिरताको भुमरीमा पार्ने दुष्प्रयत्नलाई नाकाम पार्न एमालेको भूमिका अब्बल रहेको छ । नौ महिने र ओली नेतृत्वको एकल सरकारका बेलाका कामहरू अविस्मरणीय रहेका छन् ।

तर, जबजअनुसार पार्टीलाई गुणात्मक बनाउने दिशामा निकै कमजोरी देखिएका छन् । जननेता मदन भण्डारीको षडयन्त्रपूर्वक हत्या गरिएपछि एमाले पार्टी सैद्धान्तिक र सांगठनिक दृष्टिकोणले बरालिन थालेको पाइन्छ । सांगठनिक दृष्टिले पार्टीलाई लोकतान्त्रिकरण गर्ने विषयमा सुरूमा दुराग्रह राख्ने तर, समयक्रममा त्यसैलाई अनुशरण गर्नेलगायत द्वैध चरित्र अपनाइयो । योग्य र योग्यतमलाई उचित जिम्मेवारी प्रदान गर्ने मदनको सोचलाई उतिबेला पनि बेवास्ता गरियो यो अवस्था अहिले पनि ज्युँका त्युँ देखिन्छ । जननेता मदन भण्डारीले पार्टीलाई प्रतिभाको फूलबारी बनाउन खोजेका थिए, तर यो पार्टी काँडाघारीमा परिणत हुन थाल्यो । संयोगले ओली पार्टीको ९ औं महाधिवेशनमा अध्यक्ष भएपछि यो पार्टी मण्डलेकरण हुनबाट भने बच्यो । ओली नेतृत्वपछि यो पार्टी एकताबद्ध सशक्त र सुदृढ हुन थाल्यो । यस पार्टीलाई यसै पार्टीका उपल्ला तहका एकाध नेताले खरानी पार्न खोजे पनि तिनलाई पार्टीले उठ्नै नसक्ने थला पार्‍यो । मात्रात्मक रूपमा राजकीय र राजनैतिक क्षेत्रमा निक्कै सकारात्मक भूमिका निर्वाह गरे पनि गुणात्मक दृष्टिकोणले एमाले पार्टी अहिले सार सौन्दर्य विहीन देखिन्छ ।

कुनै पनि वस्तु, विषय र क्षेत्रमा चुरो चाहीँ विशेष महत्वपूर्ण हुन्छ । यही चुरोका कारण सतिसाल सय वर्ष लडा, खडा र पडा रहनसक्छ वा जीवित रहन्छ । प्रगतिशील सरकार र सत्ताका लागि प्रगतिशील सांस्कृतिक चुरो अपरिहार्य हुन्छ । सामन्तवादी नायक हटे पनि उनको चरम अन्धविश्वासी धार्मिक सांस्कृतिक चुरो जीवित रहेको हुँदा लोकतान्त्रिक सरकारलाई ऐया-ऐया र आच्छु-आच्छु




पारेको हो । जननेता मदन भण्डारीले जबजमा सामाजिक कुरीति, अन्धविश्वास रूढीगत धारणाहरूलाई सामाजिक सांस्कृतिक सुधार आन्दोलन चलाई हटाउँदै लगिने छ भन्ने कुराको मर्म पार्टीले अझै बुझेकै छैन । मदनले भने झैं सामन्तवादी भूतप्रेतलाई बेलैदेखि नपन्छाउँदा, यसले गणतन्त्रलाई तर्साउन खोजेको देखियो । जनताको जनवादी व्यवस्थाको सुदृढीकरण शीर्षकको तेस्रो उपचरणको चर्चाका क्रममा भण्डारीले सांस्कृतिक रूपान्तरण गर्ने विषयलाई शीर्ष महत्व दिएको देखिन्छ । तर, यस दिशातिर पार्टीले सिन्को पनि भाँचेको छैन । पार्टीमा प्रतिस्पर्धा र पहलकदमीबाट श्रेष्ठता हासिल गर्ने, आफैभित्र स्वस्थ्य प्रतिस्पर्धा गर्ने, योग्य र योग्यतम छानेर उपयुक्त जिम्मेवारी प्रदान गर्ने कुरा अहिले समाप्त प्रायः देखिन्छ ।

मार्क्सले परिवर्तित परिस्थितिमा पनि जोसुकै नेता, बुद्धिजीवी र स्रष्टाहरूका मन मस्तिष्कमा पुरानै शासक र शासन सत्ताका विचार, चिन्तन, संस्कार र संस्कृति प्रभावी हुन्छ भनेका छन् । नभन्दै अहिले पनि एमाले उपल्ला तहका अत्यधिक नेताहरूमा सामन्तवादी संस्कार र सांस्कृतिक कुरूप पक्ष सिरदेखि तीरसम्म प्रभावी देखिन्छ । म, मैले र मेरो मात्र भन्नु सामन्तवादी अहम् र अहंकार हो । उपल्लै तहका नेताहरू नस, नाता र गोतालाई काखी च्याप्छन्, गणेश शैलीलाई काँधमा बोक्छन् । धन, दौलत, आय आर्जन तथा चरम अवसरवादमा लिप्त छन् । इटहरी उपमहा नगर पालिकाको हाल जुन अत्यन्त निराशाजनक, दयनीय र कुरूप दृश्य देखिन्छ । त्यसका पछाडि तत्कालीन एमाले जिल्लाको हात छ । आफ्नै वार्डमा पार्टी हार्छ, तै पनि तिनै ठूला नेता मानिन्छन् । आफ्नै घर करेसामा संस्कृत विश्व विद्यालयका उपकुलपतिलाई उद्दण्ड जत्थाले आक्रमण गर्दा मौन र मूकदर्शक बन्छन् । छरछिमेक र जनतासित एक थोपो मैत्री भाव, मरमिजास र हिमचिम नै छैन । तैपनि तिनी ठूला गनिन्छन् । सुनियोजित रूपमा गोप्य तरिकाले षडयन्त्रपूर्वक आफ्ना नितान्तः निजी गुट बनाउँछन् र ११औं महाधिवेशनमा अध्यक्ष हुन गुप्तगु षडयन्त्र गर्छन्, तर आम कार्यकर्ता समक्ष गुटको विरोध गरी टोपल्छन् । लुम्बिनीमा संसदीय दलको प्रमुखलाई एक वचन नसोधी जुनियर नेतालाई मुख्य मन्त्री बनाउँछन् । पार्टीको वरिष्ठ उपाध्यक्षलाई अपमानित गरेझैं गर्दै पार्टी कार्यक्रमका सन्दर्भ पारेर देश दौडाहा गर्छन्, गराइन्छ । मदन भण्डारी फाउन्डेसनले पार्टीमा अभर परेका बेला कलात्मक हस्तक्षेप गरेको थियो । अहिले झन् जटिल अवस्था देखिँदै छ ।

२०५० साल जेठ ३ गते जननेता मदन भण्डारीले पोखरामा पार्टी संगठन सञ्चालन बारे समसामयिक विचार प्रस्तुत गरेका थिए । उनले पाचौं महाधिवेशनका निर्णयअनुरूप क्रियाशील हुँदा मात्रै पार्टीको उत्थान र प्रगति हुने कुरा किटानी गरेका थिए । अध्यात्मवाद र भौतिकवाद बारे नितान्तः तार्किक, शास्त्रीय खालको प्रशिक्षणमा मात्र भर नपरी नेता, कार्यकर्ता र संगठकलाई स्वास्थ्य, शिक्षा, कृषि, पशु जस्ता प्राविधिक तथा संस्कृति र सांस्कृतिक रूपान्तरणजस्ता विषयमा प्रशिक्षित गर्नुपर्ने सुझाव दिएको देखिन्छ । परम्परागत

> *जबजअनुसार पार्टीलाई गुणात्मक बनाउने दिशामा निकै कमजोरी देखिएका छन् । जननेताको षडयन्त्रपूर्वक हत्या गरिएपछि एमाले पार्टी सैद्धान्तिक र सांगठनिक दृष्टिकोणले बरालिन थालेको पाइन्छ । सांगठनिक दृष्टिले पार्टीलाई लोकतान्त्रिकरण गर्ने विषयमा द्वैध चरित्र अपनाइएको पाइन्छ...*

प्रशिक्षणलाई मदनले अहिलेको परिस्थितिमा खोटपूर्ण ठहर गरेका छन् । यस खालको विविध विषयका सामान्य ज्ञान भएका संगठकहरूबाट जनसमाज लाभान्वित हुन्थ्यो भन्ने मदनको दृढ मान्यता देखिन्छ । अहिले त महँगा होटेल र लजमा बस्ने अधिकांश नेतामा प्राविधिक ज्ञान सुको पनि छैन र जतिसुकै प्रशिक्षित भए पनि अधिकांश नेता मृत आत्माको चिर शान्तिको कामना गर्छन् । तिनलाई सापेक्ष, तुलना, अंश र समग्र जस्ता मार्क्सवादी मूल्यांकन गर्ने कुरा थाहा नै छैन । अनि तिनका अन्तर्मनमा सबै जोगी कानचिराले जरा गाडेको देखिन्छ । पार्टीमा कमरेड महाराजको जगजगी देखिन्छ । यिनीहरू यति थेत्तरा छन्, बातले सुध्रिने लक्षण देखिन्न । चामल पनि बेच्न नजान्ने र नसक्नेको पार्टीमा राइँदाइँ देखिन्छ । आफू मात्र इमानदार हुँ र छु भनेर हुँदैन । इमानदारिताको माहौल तयार गर्नुपर्छ ।

भण्डारीले नेता र कार्यकर्तालाई एउटा टुल्स र औजारजस्तो मात्र भएर अब पुग्दैन र साँच्चै नेताजस्तो भएर काम नगर्ने किसिमको प्रवृत्तिलाई तोड्नु पर्ने बताएका छन् । पार्टीमा व्रतबन्धको सार नै नबुझी बिरालो बाँध्ने संस्कार गर्ने नाममा लाखौं खर्च गर्ने नेता कोशी प्रदेशमा छन् । 'ह्यापि वर्ड डे टु यु' भन्दै बत्ती निभाएर र नेपालको नाम र नक्सा अंकित केक काटेर जन्मोत्सव मनाइन्छ । पार्टी कामको भुइँ अनुभव नै नभएकालाई केन्द्रीय बनाइन्छ । एमाले प्रवेश गरेको भोलिपल्ट नै दुवै हातमा लड्डु थमाइन्छ । एक मत बढाउनेभन्दा उल्टो घटाउनेलाई ठाडो आदेशमा प्रदेश सभासद् बनाइन्छ । यी त देखिएका दृश्य हुन् । अदेखमा भएका र खोजी गर्दा भेटिने विकृति मनग्गे हुन सक्छन् । संसदीय भासमा भासिने हो भने केही भन्नु छैन तर, जबजअनुसार देश र जनताको हितलाई सर्वोपरि राखेर काम गर्ने हो पार्टीको नेतृत्वमा जबजको जिन अपरिहार्य हुन्छ, उचालेकोले मृग मार्दैन । प्रतिस्पर्धामा अब्बल हुने र देखिने चुरो तथा टावर पर्सन्यालिटीले मात्र यो पार्टी एकताबद्ध र सबल बन्न सक्छ ।

**(प्रा.डा. पोखरेल, संस्कृतिविद् हुन् ।)**

## इतिहासमा आज

२६ जुन २०१३ मा चीनको सिनजियाङ क्षेत्रमा भएको दंगामा परी कम्तिमा ३६ जनाको मृत्यु र २१ जना घाइते भएका थिए ।



२६ जुन २०२४ मा विकिलिक्सका संस्थापक जुलियन असान्ज जेल जीवनबाट मुक्त भएर अष्ट्रेलिया फर्किएका थिए ।



२६ जुन २०१५ मा फ्रान्स, ट्युनिसिया, सोमालिया, कुवेत र सिरियामा पाँच फरक आतंकवादी हमलाहरू भएका थिए । जसलाई अन्तर्राष्ट्रिय मिडियाले 'ब्लडी फ्राइडे' भनेर चिनाएको थियो । यी असंगत आक्रमणहरूमा ७५० भन्दा बढी मानिसहरू मारिएका थिए ।



२६ जुन २०१५ मा अमेरिकी सर्वोच्च अदालतले संविधानको १४ औं संशोधनअन्तर्गत समलिङ्गी जोडीहरूलाई विवाह गर्ने संवैधानिक अधिकार भएको फैसला सुनाएको थियो ।



## सामाजिक सञ्जाल



**रामेश्वर बोहोरा**

हो, यही भएर कर्मचारीतन्त्रमा 'कुलिङ पिरियड' चाहिएको हो । हेर्नुस् त, यी वैरागी नभए केही कामै हुन्न झैं गरी अवकाशका दिनदेखि कहिले यता नियुक्ति, कहिले उता नियुक्ति । जहिले, जताततै उनैलाई ल्याउनुपर्ने !




**कृष्ण घिमिरे**

सधैं 'गर्नु पर्दछ', 'यस्तो हुनुपर्दछ', 'उस्तो हुनुपर्दछ' मात्रै । जनतासमक्ष साखुल्ले अनि चोखो बन्ने स्टन्ट । डाडु पन्यू आफ्नै हातमा छ, आफ्ना आदर्श बा, दाइ र भाउजुको हातमा सत्ता, आफैं सरकार सञ्चालन गर्ने समितिमा, अनि किन गर्न नसक्या ? यस्ता बक बकलाई ताली पिट्दा जनता पनि आजित !



**प्रमोद कौडिन्य**

छानबिन हुनुपर्ने गृहमन्त्रीकै प्रस्तावमा 'दास'को नेतृत्वमा भिजिट भिसा प्रकरणको छानबिन समिति, सदस्य चाहिँ प्रत्यक्ष संलग्नताको आशंका गरिएका मन्त्रालयहरूकै कर्मचारी ! प्रधानमन्त्री ओली भन्नुहुन्थ्यो, 'गोरु नाङ्गै हिँड्यो भनेर लजाउनु पर्दैन ।' अब त, सरकार नै पो नाङ्गै हिँड्न थाल्यो !



**मधुकर खनाल**

अदालतमा पुगेको विषय र करोडौंको ठगीमा संलग्नलाई जोगाउन हस्ताक्षर अभियान ! के हो यस्तो ? कानुनले हस्ताक्षरको संख्या हैन प्रमाण हेर्छ । हस्ताक्षर त सहकारीको पैसा अपचलन गर्न चेकमा गरिएको छ नि हैन ?

# किन खोजिँदैछ वैकल्पिक शक्ति ?

विचार



● सन्दीप पनेरू

> *वैकल्पिक शक्ति कुनै एक दलको नाम होइन, त्यो परिवर्तनप्रतिको आकांक्षा हो । त्यो जनताकै चेतनाको प्रतिबिम्ब हो । अब सत्तामा बस्नेहरूलाई बुझ्न जरूरी छ– जनताको धैर्यको सीमा हुन्छ...*

नेपालको वर्तमान राजनीतिक परिदृश्यमा एउटा कुरा अत्यन्तै प्रष्ट देखिन थालेको छ– सत्तामा रहेका वा रहेका दलप्रति जनताको विश्वास दिनप्रतिदिन घट्दो क्रममा छ । लामो समयदेखि शासनमा बसेका दलहरूले न त स्थायीत्व दिन सके, न त नागरिकका आधारभूत आवश्यकता नै पूरा गर्न सके । यस्तो सन्दर्भमा, जनताको नजर वैकल्पिक शक्तिप्रति जानु स्वाभाविक बनिरहेको छ । यस लेखमा त्यही प्रश्न उठाइएको छ– किन खोजिँदैछ वैकल्पिक शक्ति ?

राजनीतिमा निराशा, व्यवस्थामा असन्तोष र शासनमा चरम अविश्वासले गर्दा नागरिकहरूको अब पुराना अनुहार हरूप्रति मोहभंग भइरहेको छ । विगतमा पटक-पटक सरकार फेरिए, गठबन्धन टुटे-बने, चुनावहरू भए, तर अपेक्षित परिवर्तन कहिल्यै आएन । जनताले संविधानसभाबाट संविधान बनाउनेदेखि समावेशी शासन, सुशासन र आर्थिक समृद्धिको सपना देखेका थिए, तर ती सपना आज पनि अधुरा छन् । जनताको जीवनस्तर सुधारिएको छैन, बेरोजगारी झनै बढेको छ, महँगी नियन्त्रणबाहिर छ र भ्रष्टाचार संस्थागत भएको छ । जब सत्तामा रहेका शक्तिहरूले आफ्ना कमजोरी लुकाउन प्रतिस्पर्धीको दोष देखाउँछन्, जनताको मन वैकल्पिक दिशामा डुल्न थाल्छ ।

वैकल्पिक शक्तिको खोजी केवल विरोधको कारणले मात्र होइन, विकल्पप्रतिको आवश्यकताको परिणाम हो । जसरी उपभोक्ताले एउटै कम्पनीको उत्पादनमा सन्तुष्टि नपाएपछि अर्को कम्पनीको खोजी गर्छ, त्यस्तै हो राजनीतिको पनि अवस्था । जब पुराना दलहरूले सेवा दिन छाड्छन्, तब नयाँ विचार, नयाँ नेतृत्व र नयाँ कार्यशैलीप्रतिको खोजी सुरु हुन्छ । नेपालमा हाल केही नयाँ दलहरू वा स्वतन्त्र उम्मेदवारहरू यही कारण उदाएका छन् । तिनीहरूले परिवर्तन, पारदर्शिता, जवाफदेहिता र जनमुखी शासनको वाचा गर्दै जनताको मन जित्न थालेका छन् ।

समस्या के हो भने, मुख्यधारका दलहरू आफैं सुधार हुनेतिर लाग्न तयार छैनन् । उनीहरू सत्ता कब्जा गर्नमा मात्रै व्यस्त छन्, सेवा दिने उद्देश्य हराउँदै गएको छ । एउटै अनुहारहरू, एउटै शैली, एउटै बहाना र असफलता दोहोरिरहेको छ । दलहरूको कार्यशैली हेर्दा लाग्छ, उनीहरू देश बनाउनेभन्दा पनि चुनाव जित्न, पद बाँड्न र शक्ति सुम्पनमै रमाइरहेका छन् । यस्तो अवस्थामा जनताको चेतना बढ्दै जानु र नयाँ विकल्पको खोजी गर्नु एक लोकतान्त्रिक प्रक्रिया हो । जनताले जसलाई विश्वास गरे, उसैले काम नगरेपछि त्यो विश्वास अन्ततः नयाँ अनुहारमा सर्दा केही गलत हुँदैन ।

सामाजिक सञ्जालको विकासले पनि वैकल्पिक शक्तिको खोजीलाई मलजल दिएको छ । अब नेताका गतिविधि, घोषणापत्र र काम गर्ने शैली सजिलै सार्वजनिक र विश्लेषणयोग्य हुन्छन् । नागरिक स्वतन्त्र रूपमा अभिव्यक्त हुनसक्ने माध्यम पाएका छन् । उनीहरूको असन्तुष्टि, गुनासो र चाहना सिधा जनस्तरसम्म पुग्न थालेको छ । यसले गर्दा सत्ताधारी दलहरूको असफलता अझ उजागर हुँदै गएको छ । अर्को पाटो के पनि छ भने नयाँ पुस्ताको चेतना फरक ढंगको छ । उनीहरू केवल जात, धर्म वा पार्टीको नाममा मत दिँदैनन् । उनीहरू विकास, परिणाम र पारदर्शिताको अपेक्षा राख्छन् । र, जहाँ त्यस्तो अपेक्षा नपुगेको देखिन्छ, त्यहाँ उनीहरू वैकल्पिक ढोका खट्काउन पछि पर्दैनन् ।

पछिल्ला निर्वाचन परिणामहरूले पनि यही संकेत गरेका छन् । स्वतन्त्र उम्मेदवारहरूको विजय, वैकल्पिक दलहरूको क्रमिक उभार र पुराना दलप्रति जनताको आलोचना ती सबै वैकल्पिक शक्तिको खोजीको नतिजा हुन् । यसको मतलब के हो भने परिवर्तन चाहने जमात बढ्दैछ । अब नेतृत्व केवल पुराना संघर्षको इतिहासले होइन, नयाँ सोच, क्षमता र व्यवहारले मूल्यांकन गरिन थालेको छ । जनतालाई केवल घोषणामा होइन, कार्यान्वयनमा विश्वास छ । पुराना दलहरूले अहिलेसम्म जे गरे, त्यो पर्याप्त थिएन । अब उनीहरूलाई प्रतिस्पर्धी विचार र नेतृत्वसँग जुध्नुपर्नेछ ।

तर, वैकल्पिक शक्ति पनि केवल नाराबाट स्थापित हुँदैन । त्यसको आधारमा सिद्धान्त, दृष्टिकोण, योजना र जनतासँगको संवाद हुनुपर्छ । जनताले पनि विकल्पको नाममा केवल आकर्षक भाषण होइन, व्यावहारिक कार्यक्रम खोजिरहेका छन् । वैकल्पिक शक्ति सफल हुन सक्छ यदि उसले आत्मसमिक्षा गर्छ, जनताको समस्या बुझ्छ र व्यवहारिक समाधान दिन सक्छ भने । अन्यथा, त्यो पनि पुरानै जस्तै बन्न पुग्छ । इतिहासले देखाएको छ– जसले जनताको माया जित्यो, त्यसैलाई सत्ताले चुम्छ । तर, जसले त्यो माया गुमायो, त्यो क्षणभरमै बिर्सिन्छ ।

अन्ततः वैकल्पिक शक्ति कुनै एक दलको नाम होइन, त्यो परिवर्तनप्रतिको आकांक्षा हो । त्यो जनताकै चेतनाको प्रतिबिम्ब हो । अब सत्तामा बस्नेहरूलाई बुझ्न जरुरी छ– जनताको धैर्यको सीमा हुन्छ । आज होइन भने भोलि, परिवर्तन सुनिश्चित छ । त्यसैले, नेतृत्व अब विवेकशील, उत्तरदायी र जनमुखी बन्नुको विकल्प छैन । जनताले विकल्प खोज्न थालेको छ, यसको मतलब हो– पुरानाले अवसर गुमाइसके । वैकल्पिक शक्तिको खोजी अब केवल बहसको विषय होइन, यो परिवर्तनको संकेत हो ।

# पाल्हिनन्दन गाउँपालिकाद्वारा ५३ करोड ११ लाखको बजेट सार्वजनिक




**विनोद निगम / मध्यान्ह**
पश्चिम नवलपरासी, ११ असार

पश्चिम नवलपरासीस्थित पाल्हिनन्दन गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि रु ५३ करोड ११ लाख १३ हजार ८२१ बराबरको बजेट सार्वजनिक गरेको छ। मंगलबार सम्पन्न १८औं गाउँसभामा उपाध्यक्ष फातिमा खातुन अन्सारी (सकिना) ले प्रस्तुत गरेको बजेट सर्वसम्मत पारित गरिएको हो ।

गाउँपालिकाले संघीय सरकारबाट सशर्त अनुदान, समानीकरण अनुदान, राजस्व बाँडफाँट, संघीय विशेष तथा समपूरक अनुदानमार्फत प्रमुख रकम प्राप्त गर्ने अनुमान गरेको छ। संघीय सरकारबाट कुल रु ४३ करोड ३१ लाखभन्दा बढी अनुदान प्राप्त हुने अपेक्षा गरिएको छ । यस्तै, प्रदेश सरकारबाट रु २ करोड ७९ लाख बराबरको अनुदान तथा बाँडफाँट प्राप्त हुने जनाएको छ ।

बजेटमा उल्लेख गरिएअनुसार गत वर्षको मौज्दात रु ४ करोड ५० लाख रहेको छ। गाउँपालिकाका ६ वटै वडाहरूमा समानरूपमा रु १ करोडका दरले बजेट विनियोजन गरिएको छ । उपाध्यक्ष अन्सारीका अनुसार बजेट कृषि, स्वास्थ्य, शिक्षा, खानेपानी, पूर्वाधार, प्रशासन र सामाजिक सुरक्षालगायतका क्षेत्रमा केन्द्रित गरिएको छ । कृषि क्षेत्रको सशक्तिकरणका लागि मलबीउ वितरण, सिँचाइ सुविधा विस्तार तथा कृषि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य क्षेत्रमा स्वास्थ्य चौकी स्तरोन्नति, औषधि आपूर्ति तथा मातृ-शिशु सेवा प्रवर्द्धनका कार्यक्रम समावेश गरिएको छ ।

शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयहरूको पूर्वाधार सुधार, डिजिटल शिक्षा प्रवर्द्धन तथा पठनपाठन वातावरणमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानीतर्फ सुरक्षित र गुणस्तरीय पानी वितरणलाई प्राथमिकता दिइएको छ । गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ता (दीपक) ले गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सीमित स्रोतसाधनबीच समग्र विकासलाई प्राथमिकतामा राखेर बजेट निर्माण गरिएको स्पष्ट पारे । गाउँपालिका प्रशासनका अनुसार बजेट शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, कृषि, साना उद्यम र सामाजिक सुरक्षा जस्ता समावेशी क्षेत्रतर्फ केन्द्रित गरिनेछ ।

# बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम

**राजकुमार भुजेल / मध्यान्ह**
दोलखा, ११ असार

'नगरौं है विवाहको कुरा, भएको छैन २० वर्ष पुरा' भन्ने नारासहित बालविवाह अन्त्य अभियान अन्तर्गत बैतेश्वर गाउँपालिकाका ८ वटै वडामा समुदाय परिचालन कार्यक्रम सम्पन्न गरिएको छ ।

उज्यालो भविष्य संस्था दोलखाको आयोजना तथा बैतेश्वर गाउँपालिकाको सहकार्यमा सम्पन्न कार्यक्रममा बालविवाहको असर, कानुनी व्यवस्था र रोकथामका उपायबारे समुदायस्तरमा सचेतना जगाइएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका उपाध्यक्ष कल्पना उप्रेतीले बालविवाह गाउँपालिकाका लागि गम्भीर चुनौतीको विषय भएको भन्दै पालिका स्तरमै यसलाई अन्त्य गर्न कटिबद्ध रहेको बताइन् । उनले बालबालिकाको हक, अधिकार र संरक्षणमा पालिकाको सक्रिय भूमिका रहने बताइन् ।

उज्यालो भविष्य संस्था दोलखाका अध्यक्ष राजन बस्नेतले नेपालको कानुन अनुसार २० वर्ष उमेर पूरा नभएसम्म विवाह गर्नु गैरकानुनी रहेको भन्दै मुलुकी अपराध संहिता ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ अन्तर्गत बालविवाहलाई रोक्न बनेका कानुनी प्रावधानबारे जानकारी गराएका थिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१२**

**प्रिडेटर कन्स्ट्रक्शन**को मिति २०८२/०२/०१ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्रिडेटर कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्शन (प्रा.लि. नं.: ३३३३३९)** कायम गर्ने गरी मिति २०८२/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१२**

**पेम्बा कृषि फार्म प्रा.लि.** को मिति २०७७/०५/२९ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भावना कृषि फार्म प्रा. लि. (प्रा.लि. नं. २१९३७२)** र साबिक को **ठेगाना काठमाडौं महानगरपालिका वडा नं ६ लाई परिवर्तित गरि काभ्रेपलान्चोक पाँचखाल नगरपालिका वडा नं ५** कायम गर्ने गरी मिति २०७७/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भेरी अस्पताल तथा स्वास्थ्य कर्मचारी आवास, बाँकेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारका लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति २०८२-०३-१२**

शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल काठमाडौंले बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नका लागि प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग<br>बबरमहल, काठमाडौं, नेपाल<br>फोन नं. : ०१-५३६२३६५<br>ईमेल : healthbuilding.section@dudbc.gov.np |
| प्रस्तावको व्योहोरा | लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उप महानगरपालिका वडा नं. १० मा हाल २०० शैय्याको भेरी अस्पताल, बाँके सञ्चालनमा रहेको छ।शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागले यस अस्पतालमा ३०० शैय्या थप गरि कुल ५०० शैय्यामा स्तरोन्नति गर्नका लागि प्रस्ताव गरेको छ।स्तरोन्नति पश्चात् अस्पतालको कुल Built-up Area २८७३०.५८ वर्गमिटर रहेको छ।जसमा बेसमेन्ट र भुई तल्ला बाहेक छ तल्ले अस्पताल भवन, निर्माण गरिने छ र यस भवनको उचाई ३१.८० मिटरको हुनेछ।त्यसैगरी, स्वास्थ्य कर्मचारीका लागि ब्लक-१ र ब्लक-२ गरि आवास भवन निर्माण गरिने छन् ।उक्त भवनको उचाइ २५.२ मिटरको हुनेछ ।अस्पताल भवन भवन बाहेक एउटा दुई तल्ले शव गृह पनि निर्माण गरिने छ।<br>प्रस्तावित अस्पतालले बहिरङ्ग सेवा (जनरल मेडिसिन, जनरल सर्जरी, साकियाट्रि, अर्थोपेडिक्स, पेडियाट्रिक्स, कार्डियोलोजी, एनसथेसिओलोजी, गाइनो, यौन रोग, दन्त रोग, छाती रोग, नाक, कान, घाटि, हाड जोर्नी, फिजियोथेरापी, छाला रोग, न्यूरो सर्जरी, युरोलोजी, न्युरो मेडिसिन, मेटरनिटी सेवा र सुरक्षित गर्भपतन सेवा) र अन्तरङ्ग सेवा (मेडिकल वार्ड, सर्जिकल वार्ड) निदानात्मक सेवा (प्रयोगशाला, एक्सरे, इ. सि. जि., इन्डोसकोपी, इको, सिटिस्क्यान, अडियोग्राम, आइ.सि.यु, एन.आइ.सि.यु आदि) अपरेशन थिएटर, प्याथोलोजी सेवा र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी रहेका छन्। |
| प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा. | लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं १० |

उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न नेपालगञ्ज उपमहानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग<br>बबरमहल, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-४२६२३६५<br>ईमेल: healthbuilding.section@dudbc.gov.np | इन्टरफेस इन्जिनियरिङ प्रा.लि., कोटेश्वर, काठमाडौं<br>मोबाईल नं.: ०१-४५४४१६४<br>ईमेल :info.interfaceng@gmail.com |


## जापानमा रोजगार

कम्पनीः DCT COOPERATIVE — शहरः JAPAN,SAPPORO
पूर्व स्वीकृत मितिः २०८२/०३/१० — चलानी नं.: ६०२४००२० — Lt.No.:326070

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vegetables And Fruit | 1 | 0 | 176746 | १६७,५५६ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : रु. ३०,००० कामदारले
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।७) श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफैं गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

## कतारमा रोजगार

कम्पनीः CITIZEN CONTRACTING CLEANING AND SERVICES WLL — शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८२/०३/१० — चलानी नं.: ६०२४०१५२ — L.T. No.: 326105

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 4500 | १६९,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Busin Executive | 2 | 0 | | 2500 | ९४,१५० | | | | | | | |
| 3. | Dry Clean Worker | 2 | 41 | | 1000 | ३७,६६० | | | | | | | |
| 4. | Helper | 0 | 2 | | 1000 | ३७,६६० | | | | | | | |
| 5. | Labourer (Male) | 4 | 0 | | 1000 | ३७,६६० | | | | | | | |
| 6. | Mason. | 1 | 0 | | 1200 | ४५,१९२ | | | | | | | |
| 7. | Plumber | 1 | 0 | | 1200 | ४५,१९२ | | | | | | | |
| 8. | Washing Worker | 0 | 4 | | 1000 | ३७,६६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**JALAJALA RECRUITMENT PVT. LTD.**
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

## ओमन र यूएईमा रोजगार

कम्पनीः HAROUN HAMOUD AL-AMIRI — शहर : SOHAR
पूर्व स्वीकृत मितिः २०८२/०३/११ — चलानी नं.: ६०२४०१५९ — LT. No.: 326209

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter - Coffee Shop | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४९,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Demi Cdp /cook General | 1 | 0 | | 150 | ५३,४७८ | | | | | | | |

कम्पनीः DIVYA AUTO. SPARE PARTS TRADING.LLC — शहर : SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०३/११ — चलानी नं.: ६०२४०१६० — LT. No.: 326210

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stock Filler | 4 | 0 | स. काममा दक्ष | 1100 | ४१,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**K.S.B. INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471, Birtamode Contact No: 023532219, 9817081299


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १२ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय महेन्द्रनगरबाट तपशिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

| |
|---|
| **क) कर्जा शिर्षक : हायर पर्चेज कर्जा** |
| **ऋणीको विवरण** |
| दिलिप सिंह बिष्टको नाति पदम सिंह बिष्टको छोरा कञ्चनपुर जिल्ला बेदकोट न.पा. वडा नं. ८ बस्ने **भुवन सिंह बिष्ट** (ना.प्र.नं. : ७५१०१९/२२८५४ जारी मिति र जिल्ला : २०७०/११/१९, कञ्चनपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| दिलिप सिंह बिष्टको बुहारी पदम सिंह बिष्टको पत्नी कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ९ हाल, बेदकोट न.पा. वडा नं. ८ बस्ने **लक्ष्मी बिष्ट** (ना.प्र.नं. : ७५-०१-६९-०११५५ जारी मिति र जिल्ला : २०६९/०५/११०, कञ्चनपुर) |
| **ख) कर्जा शिर्षक : साधारण कर्जा** |
| **ऋणीको विवरण** |
| जय सिंह साउदको छोरी दिलिप सिंह बिष्टको बुहारी पदम सिंह बिष्टको पत्नी कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ९ हाल, बेदकोट न.पा. वडा नं. ८ बस्ने **लक्ष्मी बिष्ट** (ना.प्र.नं. : ७५-०१-६९-०११५५ जारी मिति र जिल्ला : २०६९/०५/११०, कञ्चनपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| दिलिप सिंह बिष्टको नाति पदम सिंह बिष्टको छोरा कञ्चनपुर जिल्ला बेदकोट न.पा. वडा नं. ८ बस्ने **भुवन सिंह बिष्ट** (ना.प्र.नं. : ७५१०१९/२२८५४ जारी मिति र जिल्ला : २०७०/११/१९, कञ्चनपुर) |
| **यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०२/०७ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको । |

**धितो सुरक्षण सम्बन्धी विवरण :**
क) निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| भुवन सिंह बिष्ट | कञ्चनपुर जिल्ला सुडा वडा नं. ९ | ०२०१३४० | १४४१ | १,२९०.०० |
| | | ०२०१३४० | १४५७ | १,२९०.०० |

ख) धनी यस बैंक तथा ऋणी भुवन सिंह बिष्ट कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी दर्ता नं. | मोडल | च्यासिस नम्बर | ईन्जिन नम्बर | बनेको साल | किसिम |
|---|---|---|---|---|---|
| सु.प.प्र. ०१-००१ ख २९५६ | LPT 3118TC/56 | MAT46642 0M1R19611 | 12J63881564 | 2021 | भाडा |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/३२ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय महेन्द्रनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/०१ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय महेन्द्रनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## कतारमा रोजगार

कम्पनीः MOHAMMED ABDELRAHEEM IBIL ESTABLISHMENT FOR TRADING — शहरः Qatar
पूर्व स्वीकृत मितिः २०८२/०३/११ — चलानी नं.: ६०२४०१३७ — LT. No.: 326166

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2000 | ७५३२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १९ गते (3 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५, ९८२३२४४९७७

## UAE मा रोजगार

China State Construction Engineering Corporation L.
पूर्व स्वीकृती मितिः २०८२/३/१० — चलानी नं. ६०२४०१५३ — LT.No. 326111

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mason Brick/Plaster | 30 | 0 | कामदा दक्ष | 1200 | ४४,९६३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Pipefitter | 35 | 0 | | 1200 | ४४,९६३।- | | | | | | | |

पूर्व स्वीकृती मितिः २०८२/३/१० — चलानी नं. ६०२४०१५४ — LT.No. 326112

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 120 | 0 | कामदा दक्ष | 1200 | ४४,९६३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Steel Fixer(3 Yr Experience) | 80 | 0 | | 1200 | ४४,९६३।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८२ असार १९ गते (3 July, 2025) यस प्रा. लि. को कार्यालय धुम्बराही, काठमाडौंमा हुनेछ ।**

**सागर रिक्रुटमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ८८५/०६७/०६८
धुम्बराही, काठमाडौं, नेपाल, फोन नं. : ०१- ४५४२२८५, ९८०१०४९२०८, ९८०१०४९२०९, ९८०१०४९२१०, ९८०१०४९२११, ९८०१०४९२१२, ९८०१०४९२१३
Email : info@sagarjob.com.np | Web : www.sagarjob.com.np

## साउदीमा रोजगार

कम्पनी : HIGH INFLUENCE CATERING COMPANY — शहरः Saudi
पूर्व स्वीकृत मितिः २०८२/०३/११ — चलानी नं.: ६०२४०१४८ — LT. No.:326186

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lording Labors | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ ।**

